## निर्णय नं १

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को संशोधित विनियोजन ऐन २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

## संशोधित विनियोजन ऐन २०८२

**प्रस्तावनाः**

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन बनेको विनियोजन ऐन २०८२ सशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम धनकुटा नगरपालिकाको १६औं नगर सभाले स्विकृत विनियोजन ऐन २०८२ को संशोधन गरी यो संशोधित विनियोजन ऐन २०८२ बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "धनकुटा नगरपालिकाको संशोधित विनियोजन ऐन २०८२" रहेको छ ।

२. यो ऐन नगर सभाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१. आर्थिक वर्ष **२०८२/०८३** का लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु ९४,९८,८८,०००/-(रु चौरानब्बे करोड अन्ठानब्बे लाख अठासि हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सक्ने गरी विनियोजन ऐन, २०८२ कार्यन्वयन रहेकोमा प्रक्षेपित आन्तरिक राजस्व संकलनको अर्धवार्षिक प्रगति प्रतिवेदनले लक्ष प्राप्त हुन सक्ने अवस्था नदिएको हुँदा आन्तरिक राजस्व तर्फ रु ८,६०,००,०००/- (रु. आठ करोड साठी लाख मात्र) घटाई हुन आउने रु ८६,३८,८८,०००/- (रुपैया छयासी करोड अड्तीस लाख अठासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

२. उपदफा (१) वमोजिम संशोधित आन्तरिक स्रोत तर्फका अनुसुची २ वमोजिमका कार्यक्रमहरु हाललाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालि (SuTRA) बाट घटाईनेछ ।

३. उपदफा (२) वमोजिम घटाईएका कार्यक्रमहरु आगामी आब २०८३/०८४ मा स्रोत सुनिश्चित हुने गरी कार्यन्वयनमा ल्याईनेछ ।

४. उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संशोधित विनियोजन ऐनको अनुसुचि २ मा समावेश भएका योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्नु पर्ने अवस्थामा थप दायित्व सिर्जना नहुने गरी स्थानीय संचित कोष व्यवस्थापन प्रणालि (SuTRA) मा प्रविष्टि गरी कार्यन्वयन गर्न बाधा पुग्ने छैन ।

**३. विनियोजनः**

१. यस संशोधित विनियोजन ऐनद्वारा सभावाट खर्च गर्न अधिकार दिइएको रकम र योजनालाई आर्थिक वर्ष २०८२/०८३ का लागि धनकुटा नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले प्रवाह गर्ने सेवा र कार्यहरुको समेत संशोधन गरी विनियोजन गरिएको छ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वा कुनै शीर्षकमा विनियोजन भएको रकम खर्च हुन नसकि अन्य शीर्षकमा भएको विनियोजन र नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गरी भएको विनियोजनलाइ नियमित गर्न संशोधित विनियोजन ऐन तयार गरी पेश गरिएको छ। यसरी शीर्षकान्तर गर्दा एक शीर्षकबाट अर्को कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च तर्फ विनियोजित रकम साँवा भुक्तानी र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गरिएको छैन ।

३. १६ औं नगरसभाबाट स्विकृत विनियोजन ऐनमा समावेस नभएका संघिय सरकारबाट अन्तर सरकारी हस्तान्तरण मार्फत थप प्राप्त भएका कार्यक्रमहरु समावेश गरी विनियोजन ऐन सशोधन स्वीकृतीका लागि पेश गरिएको छ, जसको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

४. १६औं नगरसभावाट पारित विनियोजन ऐनमा समावेस योजना तथा कार्यक्रममा नगर कार्यपालिकाको कार्यलयबाट विभिन्न मितिमा संशोधन भई स्थानीय संचीत कोष व्यवस्थापन प्रणालि (SuTRA) मार्फत कार्यन्वयनमा आएका कार्यक्रमहरु समावेश गरी विनियोजन ऐन सशोधन स्वीकृतीका लागि पेश गरिएको छ, जसको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

५. अनुसुची ५ वमोजिमम योजना तथा कार्यक्रम संशोधन तथा थपघटका लागि सशोधित विनियोजन ऐनमा समावेश गरिएको छ ।

६. संशोधित विनियोजन ऐनमा नयाँ योजनामा रकमान्तर तथा संशोधन गरी नगर तथा वडास्तरिय योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएका छन । जसको विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

**४. वाधा अड्काउ फुकाउः** यस ऐन वमोजिम स्विकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी स्थानीय संचित कोष व्यवस्थापन प्रणालि (SuTRA) को प्रविष्टी र विनियोजनमा भएको त्रुटी नगरकार्यपालिकाको कार्यालयले जुनसुकै वखत सच्याउन सक्नेछ ।

## अनुसुचि- १

संशोधित विनियोजन ऐनको दफा २(१) सँग सम्बन्धित

| क्रसं | बजेट/स्रोत | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ समानिकरण अनुदान | १२,८५,००,००० | |
| २ | संघ शसर्त अनुदान चालु | २९,४४,००,००० | |
| ३ | संघ शसर्त अनुदान पुँजीगत | २१,७८,००,००० | |
| ४ | संघ विषेश अनुदान चालु | १,६५,००,००० | |
| ५ | संघ समपुरक अनुदान पुँजीगत | ५२,००,००० | |
| ६ | प्रदेश समानिकरण अनुदान | १,२१,७०,००० | |
| ७ | प्रदेश शसर्त अनुदान चालु | १६,५९,००० | |
| ८ | प्रदेश शसर्त अनुदान पुँजीगत | ६९,५७,००० | |
| ९ | प्रदेश समपुरक अनुदान पुँजीगत | ८०,००,००० | |
| १० | प्रदेश राजस्व बाँडफाँड | ९३,४१,००० | |
| ११ | स्थानीय राजस्व बाँडफाँड | ७६,२०,००० | |
| १२ | संघ राजस्व बाँडफाँड | ९,७४,५७,८८८ | |
| १३ | आन्तरिक श्रोत | ५,८२,८३,११२ | |
| | जम्मा | ८६३८८८००० | |

## अनुसुचि- २

संशोधित विनियोजन ऐनको दफा २(३) सँग सम्बन्धित

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| | **८०१०६४०११०१ धनकुटा नगरपालिका** | | | |
| १ | स्वास्थ्य संस्था सञ्चालनका लागि वडासँग औषधी खरिद साझेदारी | २२५२२ | ४००००० | |
| २ | टोल वस्ती संस्थासँग डस्टविन खरिद साझेदारी | २२५२२ | ५००००० | |
| ३ | थानी युवा क्लव धनपा ९ खेलकुद कार्यक्रम | २२५२२ | ३००००० | |
| ४ | दायित्व-सुकुम्वासी समस्या समाधान कार्यक्रम | २२५२२ | ४००००० | |
| ५ | पर्यटन प्रर्वदनका लागि संस्कृति संरक्षण र प्रचारप्रसार | २२५२२ | ३००००० | |
| ६ | लेखाजोखा केन्द्र सञ्चालन तथा ब्यवस्थापन | २२५२२ | ५०००० | |
| ७ | गैसस समाझेदारी कार्यक्रम | २२५२२ | ५००००० | |
| ८ | खेलकुद विकास साझेदारी-रामकृष्ण फुटवल | २२५२२ | २००००० | |
| ९ | लागु औषध दुर्व्यसन सम्बन्धि सचेतना कार्यक्रम संचालन-पायोनियर ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर | २२५२२ | ३००००० | |
| १० | युवा समाज क्लब सामग्री खरिद, धनपा-१ | २२५२२ | ५०००० | |
| ११ | आखा उपचार शिविर सञ्चालन साझेदारी | २२५२२ | २००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| १२ | योजना वैक तयारी | २२५२२ | ४००००० | |
| १३ | खेलकुद विकास साझेदारी-हिले व्याडमिन्टन | २२५२२ | २००००० | |
| १४ | मेड्पा कार्यक्रम साझेदारी | २२५२२ | ५००००० | |
| १५ | महिलाहरुका लागि व्यवसायिक सिपमसलक तालिम | २२५२२ | २००००० | |
| १६ | निवुवा तांखुवा जलाधार व्यवस्थापन साझेदारी | २२५२२ | ३००००० | |
| १७ | खेलकुद विकास साझेदारी-शहिद भिमनारायण कप | २२५२२ | ५००००० | |
| १८ | ल्याण्डफिल प्रभावित विशेष कार्यक्रम(चालु अवको समेत) | २२५२२ | ३००००० | |
| १९ | लागु पदार्थ दुर्व्यशन विरूद्ध सचेतना कार्यक्रम | २२५२२ | १००००० | |
| २० | शैक्षिक विकास कार्यक्रम-घअमरज्योती प्रावि धनपा९ | २२५२२ | ५०००० | |
| २१ | स्थानीय स्वैछिक दिगो बिकास लक्ष्य प्रतिवेदन | २२५२२ | ५००००० | |
| २२ | एभोकाडो प्रर्वदन | २२५२२ | ३००००० | |
| २३ | जनजाती विकास कार्यक्रम | २२५२२ | ३००००० | |
| २४ | टुडिखेलको सौचालय व्यवस्थापन | २२५२२ | ८५०००० | |
| २५ | उपमेयरसँग जेष्ठ नागरिक कार्यक्रम | २२५२२ | ४००००० | |
| २६ | शैक्षिक विकास कार्यक्रम-झशिक्षक क्षमता विकास कार्यक्रम | २२५२२ | २२५००० | |
| २७ | कम्युनिटी कनेक्ट साझेदारी | २२५२२ | १५०००० | |
| २८ | कागजे सिसिङ्ग कृषक समुह तरकारी खेती- धनपा-३ | २२५२२ | १००००० | |
| २९ | शैक्षिक विकास कार्यक्रम-ङवाल विकास केन्द्र मालवासे | २२५२२ | १२५००० | |
| ३० | स्थानीय उत्पादन बजारीकरण तथा विविधीकरण | २२५२२ | ५००००० | |
| ३१ | मेलमिलाप कर्ता क्षमता विकास कार्यक्रम | २२५२२ | ५००००० | |
| ३२ | खेलकुद विकास साझेदारी-राम नवमी कप | २२५२२ | २००००० | |
| ३३ | खेलकुद विकास साझेदारी- अन्य खेदकुद प्रतियोगिता | २२५२२ | ६००००० | |
| ३४ | खेलकुद विकास साझेदारी-धनकुटा व्याडमिन्टन | २२५२२ | २००००० | |
| ३५ | आईपान नेपाल शैक्षिक सचेतना तथा जागरण कार्यक्रम | २२५२२ | २५०००० | |
| ३६ | नेपाल रेडक्रस सोसाइटी क्षमता विकास कार्यक्रम | २२५२२ | १००००० | |
| ३७ | पालिका स्तरीय कर्मचारी फुटवल प्रतियोगिता | २२५२२ | १००००० | |
| ३८ | दलित उत्थान कार्यक्रम | २२५२२ | ३००००० | |
| ३९ | आधारभुत विधालय विशेष कक्षा व्यवस्थापन | २२५२२ | २००००० | |
| ४० | प्रगतिशील टोल वस्ती संगठन जेष्ठनागरिक वाचनालय धनपा ६ | २२५२२ | १००००० | |
| ४१ | विहिवारे हटिया व्यवस्थापन | २२५२२ | २००००० | |
| ४२ | शैक्षिक विकास कार्यक्रम-स्थानीय पाठ्यपुस्तक छपाई साझेदारी | २२५२२ | १५०००० | |
| ४३ | त्रिवेणी विद्यालय साँस्कृतिक पोशाक खरिद | २२५२२ | ५०००० | |
| ४४ | दुर्घटना सम्भाब्य स्थानमा ट्राफिक मिरर जडान | २२५२२ | १००००० | |
| ४५ | भाषा मावि धनपा ३ कागते | २२५२२ | ६००००० | |
| ४६ | प्रज्ञा प्रतिष्ठान गठन तथा संचालन | २२५२२ | २००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| ४७ | भाषा, संस्कार, संस्कृति सम्बर्धन तथा अभिमुखीकरण कार्यक्रम | २२५२२ | १५०००० | |
| ४८ | संस्कृती प्रवर्धन कार्यक्रम | २२५२२ | ३००००० | |
| ४९ | स्थानीय अनुकूलन कार्य योजना निर्माण | २२५२२ | २००००० | |
| ५० | जैबिक मल खरिदमा साझेदारी | २२५२२ | ३००००० | |
| ५१ | शैक्षिक विकास कार्यक्रम-च प्रअ वैठक | २२५२२ | १५०००० | |
| ५२ | शैक्षिक विकास कार्यक्रम- कमार्गेश्वरी प्रावि धनपा४ | २२५२२ | ३५०००० | |
| ५३ | सहकारी प्रर्वदन कार्यक्रम | २२५२२ | ४००००० | |
| ५४ | कोप्चे महोत्सब साझेदारी | २२५२२ | ३००००० | |
| ५५ | मधुगंगा समाजसेवा | २२५२२ | २००००० | |
| ५६ | हिले खाना महोत्सब साझेदारी | २२५२२ | २००००० | |
| ५७ | खेलकुद विकास साझेदारी-रामलिहाङ्ग रिदिमाहाङ्ग | २२५२२ | २००००० | |
| ५८ | सल्लेरी मिडिया एण्ड रिसर्च प्रालि | २२५२२ | १५०००० | |
| ५९ | राजश्व सुधार कार्ययोजना कार्यान्वयन | २२५२२ | ३००००० | |
| ६० | त्रिवेणी माध्यमिक बिद्यालय | २५३११ | ४००००० | |
| ६१ | जनकल्याण माध्यमिक बिद्यालय मार्गा | २५३११ | ६००००० | |
| ६२ | टंक माध्यमिक बिद्यालय भीरगाउँ | २५३११ | ६००००० | |
| ६३ | हिले माध्यमिक बिद्यालय | २५३११ | ५००००० | |
| ६४ | ज्ञानोपार्जन प्राथमिक विद्यालय | २५३११ | २००००० | |
| ६५ | जीवन आधार कृषि सहकारी संस्था- धनपा १० | २५३१५ | १००००० | |
| ६६ | बहुमुखी पाठशाला | २५३१५ | ३००००० | |
| ६७ | बिश्रान्ति मन्दिर | २५३१५ | ४००००० | |
| ६८ | महिला विकास बहुउद्देशिय सहकारी संस्था भवन मर्मत धनपा १० | ३१११२ | २००००० | |
| ६९ | आठपहरिया संग्राहलय आगनमा ब्लक विछ्याउने कार्य | ३१११२ | ६८०००० | |
| ७० | वडा कार्यालय भवनमा ट्रष्ट निर्माण धनपा २ | ३१११३ | ० | हटेको |
| ७१ | आवास सुधार | ३११५९ | ५००००० | नयाँ |
| ७२ | प्रकोप व्यवस्थापन | | १०००००० | नयाँ |
| ७३ | ८ नं वडामा समुहघर मर्मत | ३१११३ | २००००० | |
| ७४ | पात्लेखोला समुह घर | ३१११३ | २००००० | |
| ७५ | उत्तरपानी गुम्बा मर्मत तथा ब्यवस्थापन | ३१११३ | ३००००० | |
| ७६ | तीनकन्या मन्दिर मर्मत | ३१११३ | २००००० | |
| ७७ | हिले पुछार गुम्बा मर्मत तथा ब्यवस्थापन | ३१११३ | ३००००० | |
| ७८ | साततले गुफा संरक्षण तथा संरचना निर्माण | ३१११३ | ३००००० | |
| ७९ | दायित्व-दृष्टिबन्धक जग्गा व्यवस्थापन कार्यक्रम | ३१११४ | २४००००० | |
| ८० | कृषि विकास कार्यक्रम | ३११३१ | १६७२३७ | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| ८१ | व्यवसायिक पशुपालनका लागि साझेदारी | ३११३१ | १५५५७६ | |
| ८२ | हस्तमार्ग स्तरोन्नती-धनपा ७ | ३११५१ | २००००० | |
| ८३ | जिरोप्वाइन्ट युवा क्लब भवन देखि श्याम तिम्सिना घर हुँदै कालिका थान जाने बाटो- धनपा ७ | ३११५१ | १५०००० | |
| ८४ | भट्टराई-घिमिरे रिङ्गरोड सडक स्तरोन्नती-धनपा १० | ३११५१ | २००००० | |
| ८५ | वडा कार्यालय वडा नं ७ तमोर भ्याल्ली सडक | ३११५१ | १००००० | |
| ८६ | नापी कार्यालय मोहन विस्कुट उधोग सडक मर्मत | ३११५१ | २५०००० | |
| ८७ | सिजालीटोल स्कुल सडक | ३११५१ | ५००००० | |
| ८८ | शुकेपोखरी-तामाङ्गगाउँ सडक स्तरोन्नती | ३११५१ | ५००००० | |
| ८९ | कुवापानी सडक स्तरोन्नती | ३११५१ | ५००००० | |
| ९० | शुरेश गिरीको घरछेउ खोलाको पहिरो नियन्त्रण | ३११५१ | ३००००० | |
| ९१ | कर कार्यालय देखि माथिल्लो कोप्चे पैदल मार्ग मर्मत | ३११५१ | १००००० | |
| ९२ | सत्संग मोढ तुलसी कुवा जाने सडक | ३११५१ | २००००० | |
| ९३ | प्रकाश कार्कीको घरछेउ-टुँडिखेल पैदलमार्ग स्तरोन्ती-धनपा ५ | ३११५१ | १००००० | |
| ९४ | सडकवोर्ड साझेदारी | ३११५१ | २५००००० | |
| ९५ | हिटीकुवा-मेजरपाटी सडकको वाकी ढलान | ३११५१ | ३००००० | |
| ९६ | जिरोप्वाईन्ट चिरविरे चौतारा सडक | ३११५१ | ४००००० | |
| ९७ | आदिवासी जनजाती पैदल मार्ग निर्माण धनपा १त्रत्र | ३११५१ | ३००००० | |
| ९८ | देउराली तामाङ्ग टोल सडक मर्मत | ३११५१ | ५००००० | |
| ९९ | अमलेटार सडक स्तरोन्नती | ३११५१ | ० | हटेको |
| १०० | पिपल डाँडाँ समुह द्धर निर्माण | ३११५१ | २००००० | नयाँ |
| १०१ | तिरतिरे टोल स्डक स्तरोन्नति धनपा २ | ३११५१ | १५०००० | |
| १०२ | भाषा प्राबि सडक मर्मत | ३११५१ | २००००० | |
| १०३ | यज्ञ कटुवालको घर छेउ देखि कुवा सम्म सडक स्तरोन्नति | ३११५१ | २००००० | |
| १०४ | होटल दियालोछेउ सिँढी निर्माण | ३११५१ | २००००० | |
| १०५ | हरियाली गौरीशंकर टोल सडक स्तरोन्नती | ३११५१ | १०००००० | |
| १०६ | रुद्रबारी थुम्की सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| १०७ | शिव मन्दिर कैलेनी सडक | ३११५१ | १०००००० | |
| १०८ | नुनथला फामस्टे देविका गौतमको घरछेउ सडक स्तरोन्नति | ३११५१ | १००००० | |
| १०९ | पांसुङ्गटोल जाने फर्समान राई सिडी निर्माण | ३११५१ | ५०००० | |
| ११० | सार्की खोला-झिम्के गाउँ सडक स्तरोन्नती | ३११५१ | ५००००० | |
| १११ | नगरपालिका विहिबारे हाट सडक स्तरोन्नती | ३११५१ | ८००००० | |
| ११२ | क्याम्पस गेट लेण्डफिल साईड सडक स्तरोन्नति | ३११५१ | ५००००० | |
| ११३ | हिले बुढाथोकी सडक स्तरोन्नती | ३११५१ | ६००००० | |
| ११४ | याक्तेली टोल शाखा सडक स्तरोन्नती-धनपा-६ | ३११५१ | २००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| ११५ | केशर लिम्बुको घर हुदै गैरी गाउ जाने गोरेटो वाटो मर्मत | ३११५१ | २००००० | |
| ११६ | टेलीकम अगाडी देखि हरी खेवा स्मृती-अमरछात्रवास सडक | ३११५१ | ३००००० | |
| ११७ | तमोरभ्याली सहमतिटोल सडक स्तरोन्नती | ३११५१ | ३००००० | |
| ११८ | धारेढुङ्गा- डिल्ली प्राबि सडक स्तरोन्नती | ३११५१ | ६००००० | |
| ११९ | पेलेक्पाङ (टेकुनाला सडक | ३११५१ | २००००० | |
| १२० | फोकिम-लेङ्गस्वा मार्गाथान मन्दिर जाने सडक- धनपा ७ | ३११५१ | ३००००० | |
| १२१ | कोशी प्रदेश समपुरक साझेदारी | ३११५१ | ० | हटेको |
| १२२ | बिहिवारे हाट-ठोका-दाहाल चौतारा भिरगाउँ सडक स्तरोन्नति धनपा ५, ४ र २- प्रदेश समपुरक | | १६००००० | समपुरक बाँडफाँड |
| १२३ | घमुाउने चौतारा टेकुनाला सडक स्तरोन्नति- प्रदेश समपुरक | | १७००००० | |
| १२४ | खानेपानी व्यवस्थापनका लागि पाईप खरिद | | ५००००० | नयाँ |
| १२५ | एकिकरण पदयात्रा- पृथ्वीजयन्ती | | ९०००० | नयाँ |
| १२६ | ल्याण्डफिल्ड साईट फोहोर पुर्ने कार्य | | १०००००० | स्रोत परिवर्तन |
| १२७ | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा २ खानेपानी व्यवस्थापन | ३११५६ | १००००० | |
| १२८ | पाङ्सुङ्ग टोल खानेपानी ट्याङ्की निर्माण धनपा-७ | ३११५६ | २००००० | |
| १२९ | खानेपानी पाइप ब्यवस्थापन- धनपा १० | ३११५६ | १००००० | |
| १३० | वास प्लान निर्माण | ३११५९ | ५००००० | |
| १३१ | लाकुरे महालक्ष्मी टोल वस्ती भवन निर्माण | ३११५९ | १००००० | |
| १३२ | याक्चना शिव मन्दिर निर्माण धनपा ९ | ३११५९ | १००००० | |
| १३३ | रायागाउ तरकारी संकलन केन्द्र निर्माण | ३११५९ | ४००००० | |
| १३४ | पर्यटन संग पैदल मार्ग निर्माण साझेदारी | ३११५९ | १०००००० | |
| १३५ | नगर क्षेत्रमा पार्क निर्माण साझेदारी | ३११५९ | ० | हटेको |
| १३६ | कृषि यन्त्र उपकरण खरिदमा साझेदारी | | २५००००० | थप |
| १३७ | ब्यावसायिक कृषि तथा पशुपालन सम्बन्धी क्षमता अभिवृद्दि | | १०००००० | थप |
| १३८ | युवा स्वरोजगारका लागि ड्राइभिङ्ग तालिम सञ्चालन | | ५००००० | नयाँ |
| १३९ | उद्यम प्रर्वदनका लागि साझेदारी | | ५००००० | नयाँ |
| १४० | लेखा समिति क्षमता विकास अध्ययन | | ३०७१८७ | नयाँ |
| १४१ | लाकुरे शिलढुङ्गा पुरानो गोरेटो टेक्चा निर्माण- धनपा ३ | ३११५९ | १००००० | |
| १४२ | मालबासे बाल बिकास केन्द्र भवन | ३११५९ | १५०००० | |
| १४३ | चञ्चलादेवी मन्दिर निर्माण | ३११५९ | ४००००० | |
| १४४ | उत्तरपानी गेट निर्माण तथा पोखरी सरसफाई | ३११५९ | ६००००० | |
| १४५ | पराजुली समुह घर निर्माण तथा ब्यवस्थापन | ३११५९ | २००००० | |
| १४६ | नया वस्ती ढल व्यवस्थापन | ३११५९ | १००००० | |
| १४७ | रिन्छेन छोलिङ्ग गुम्बा | ३११५९ | ५००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| १४८ | कृष्ण प्रणामी मन्दिर धनकुटा ६ | ३११५९ | १००००० | |
| १४९ | जिल्ला प्रहरी कार्यालय पूर्वाधार निर्माण | ३११५९ | ७००००० | |
| १५० | कृयापुत्री वस्ने घर निर्माण धनपा ८ | ३११५९ | २५०००० | |
| १५१ | वालमन्दिर टोल गणेश मन्दिर निर्माण धनपा ५ | ३११५९ | २५०००० | |
| १५२ | कालिकास्थान मन्दिर व्यवस्थापन | ३११५९ | १००००० | |
| १५३ | जिरोप्वाइन्ट गेट निर्माण (एवोकार्डो पार्क शौचालय निर्माणको सट्टा) | ३११५९ | १०००००० | |
| १५४ | रत्न षडेश्वर मन्दिर निर्माण तथा ब्यवस्थापन | ३११५९ | १०००००० | |
| १५५ | टोड्के महिला समुह | ३११५९ | ३००००० | |
| १५६ | निगाले समुह घर मर्मत | ३११५९ | २००००० | |
| १५७ | किरात चोक टोल बिकास समुह घर निर्माण तथा ब्यवस्थापन | ३११५९ | २००००० | |
| **८०१०६४०१२०१ धनकुटा नगरपालिकावडा नं १** | | | | |
| १५८ | रामनवमी कप भलिबल प्रतियोगिता सञ्चालन | २२५२२ | १००००० | |
| १५९ | हिले बक्रकुण्ड कप फुटबल प्रतियोगिता सञ्चालन | २२५२२ | १००००० | |
| १६० | महिला क्षमता विकास तालिम | २२५२२ | १००००० | |
| १६१ | सीप विकास तालिम (कार्यपालिका सदस्य) | २२५२२ | १००००० | रकम थप |
| १६२ | निगाले टोल विकास संस्थाको भवन मर्मत | ३१११३ | २००००० | |
| १६३ | युवा जागरण टोल विकास संस्थाको सांगितिक सामान खरिद | ३११२२ | १००००० | |
| १६४ | थिङ्ग समूहको कार्यालय व्यवस्थापन | ३११२२ | १००००० | |
| १६५ | हिले बजार सिसिटिभी क्यामेरा जडान | ३११२२ | १००००० | |
| १६६ | थिङ्ग टोल विकास संस्थाको कार्यालय व्यवस्थापन | ३११२२ | १००००० | |
| १६७ | दलित महिला उत्थान कार्यक्रम (बंगुर पाठापाठी वितरण) | ३११३१ | ० | हटेको |
| १६८ | खानेपानी मुहान सरसफाई | २२५२२ | १००००० | नयाँ |
| १६९ | वडास्तरिय कृषि सडक स्तरोन्नती | ३११५१ | ४००००० | |
| १७० | बोक्रे बरबोटे कृषि सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| १७१ | घिमिरे टोल जाने बाटोमा टेक्चा निर्माण | ३११५१ | २००००० | |
| १७२ | शिरषको बोट कृषि सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| १७३ | हिले चर्च व्यवस्थापन | ३११५९ | १००००० | |
| १७४ | घिमिरे थापा एकता समाज भवन तार घेराबारा | ३११५९ | १००००० | |
| १७५ | शिवालय टोलवस्ती भवनमा शौचालय निर्माण | ३११५९ | २००००० | |
| १७६ | चियाबगान पार्क निर्माण | ३११५९ | २००००० | |
| १७७ | लिम्बु सेवा समाज भवन निर्माण | ३११५९ | १००००० | |
| **८०१०६४०१२०२ धनकुटा नगरपालिकावडा नं २** | | | | |
| १७८ | विविध लक्षित कार्यक्रम | २२५२२ | ३५०००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| १७९ | विपत् व्यवस्थापन | २२५२२ | १००००० | |
| १८० | वडाको निर्णय अनुसार विविध कार्यक्रम | २२५२२ | २००००० | |
| १८१ | क्षयरोग नियन्त्रण सम्बन्धित कार्यक्रम स्वास्थ्य चौकी भिरगाउँ | २२५२२ | ५०००० | |
| १८२ | वडाको योजना अनुगमनको लागि मोटरसाईकल खरिद | ३११२२ | ४००००० | |
| १८३ | सिंहदेवी कृषि सहकारी संस्था | ३११२३ | ३००००० | |
| १८४ | दुग्ध सहकारी किन्ताङ सडक | ३११५१ | ४००००० | |
| १८५ | शिकारीपानी कैले सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| १८६ | चाँपेवन लामाडाँडा बाघखोर पैदल मार्ग | ३११५१ | २५०००० | |
| १८७ | गाजर चोक देखि ट्रान्सफर्मर (चन्द्र व वस्तेन घर) सम्म पैदल मार्ग | ३११५१ | २५०००० | |
| १८८ | मधुगंगा दाहाल चौतारा पोखरी सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| | **८०१०६४०१२०३ धनकुटा नगरपालिकावडा नं ३** | | | |
| १८९ | टोल विकास संस्था सामग्री खरिद | २२५२२ | ५०००० | |
| १९० | समवेदना तथा सान्त्वना कार्यक्रम | २२५२२ | ५०००० | |
| १९१ | संघसंस्था साझेदारी कार्यक्रम | २२५२२ | १००००० | |
| १९२ | धार्मिक तथा साँस्कृतिक कार्यक्रम | २२५२२ | १००००० | |
| १९३ | शैक्षिक सुधार कार्यक्रम | २५३११ | १००००० | |
| १९४ | प्रगतीशील टोल विकास संस्था भवन मर्मत तथा रंगरोगन | ३१११३ | १५०००० | |
| १९५ | कञ्चनजंघा खानेपानी तथा गोरेटो बाटो निर्माण | ३११५१ | १००००० | |
| १९६ | ज्वालादेवी सिसिङ चाङलुङ्मा कृषि सडक | ३११५१ | १५०००० | |
| १९७ | वाग्ले सल्लेरी भोजपुरे टोल सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| १९८ | रुपेश राईको घरदेखि भाषा कागते सडकसम्म सिढी निर्माण | ३११५१ | १००००० | |
| १९९ | पञ्चकन्या देखि कुलबहादुर पर्कुटीको घरसम्म सडक मर्मत | ३११५१ | १५०००० | |
| २०० | ठोट्ने खोला चाङलुङ्मा सिचाइ योजना | ३११५५ | १००००० | |
| २०१ | हिल टयांकी वितरण कार्यक्रम (कागते, निगाले टोल) | ३११५६ | ५५०००० | |
| २०२ | रूपी चौतारा निर्माण मालवासे | ३११५९ | २००००० | |
| २०३ | हरसेती थान पाटी निर्माण तामाङ टोल | ३११५९ | १००००० | |
| २०४ | डाडाबारी राधाकृष्ण मन्दिर स्थापना पात्ले | ३११५९ | ३००००० | |
| २०५ | कुमलबहादुर मल्लको घरदेखि स्याउले भीरगाउँ सडकसम्म ड्रेन निर्माण | ३११५९ | १५०००० | |
| | **८०१०६४०१२०४ धनकुटा नगरपालिकावडा नं ४** | | | |
| २०६ | कृषि विकास कार्यक्रम | २२५२२ | १००००० | |
| २०७ | एकता युवा क्लव सामग्री खरिद | २२५२२ | ५०००० | |
| २०८ | महिला स्वास्थ्य सचेतना कार्यक्रम | २२५२२ | ० | हटेको |
| २०९ | वडा कार्यालय सिसिटिभि क्यामेरा जडान | २२५२२ | २५००० | नयाँ |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| २१० | सिस्ने कृषक समूहलाई घुम्ती कोष | २२५२२ | ५०००० | |
| २११ | मानव संसाधन विकास | २२५२२ | १२०००० | |
| २१२ | चुलेघाटि टोल विकास संस्थाको आवश्यक सामग्री खरिद | २२५२२ | ५०००० | |
| २१३ | युवा तथा खेलकुद विकास कार्यक्रम | २२५२२ | १००००० | |
| २१४ | मिलिजुली समूह विउविजन खरीद | २२५२२ | २०००० | |
| २१५ | दलित जेष्ठ नागरिक सम्मान कार्यक्रम | २२५२२ | ५०००० | |
| २१६ | शहरी स्वास्थ्य क्लिनिक | २५३१२ | ५०००० | |
| २१७ | स्कुल डाँडा चोक ढलान | ३११५१ | ३००००० | |
| २१८ | गणेशधारा-जनकल्याण गोरेटो बाटो निर्माण | ३११५१ | १००००० | |
| २१९ | गणेश धारा गोरेटो बाटो निर्माण | ३११५१ | १००००० | |
| २२० | लक्ष्मी नारायण देवी ढाका सडक मर्मत | ३११५१ | १००००० | |
| २२१ | वाग्ले गोरेटो बाटो निर्माण | ३११५१ | २००००० | |
| २२२ | चप्लेटी- नुनथला सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| २२३ | दानावारी जागरण सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| २२४ | नुनथला लोकसेवा गोरेटो बाटो निर्माण | ३११५१ | ६०००० | |
| २२५ | पिपल डाडा खानेपानी पाइप मर्मत | ३११५६ | २५००० | |
| २२६ | सल्लेरी टोल विकास संस्थाको भवन निर्माण | ३११५९ | २००००० | |
| २२७ | देव्रेवास समाज सुधार भवन स्तरोन्नती | ३११५९ | १००००० | |
| २२८ | जेष्ठ नागरिक निर्माणधिन भवन | ३११५९ | २००००० | |
| | **८०१०६४०१२०५ धनकुटा नगरपालिकावडा नं ५** | | | |
| २२९ | बालबालिकाहरुलाई कार्यक्रम | २२५२२ | ५०००० | |
| २३० | जेष्ठ नागरिक कार्यक्रम | २२५२२ | १५०००० | |
| २३१ | महिला लक्षित कार्यक्रम | २२५२२ | १५०००० | |
| २३२ | कृषि शिक्षा कार्यक्रम | २२५२२ | १००००० | |
| २३३ | कृषि सामाग्री खरिद(कार्यपालिका सदस्य) | २२५२२ | १००००० | |
| २३४ | खेलकुद कार्यक्रम | २२५२२ | २००००० | |
| २३५ | अपांगता कार्यक्रम | २२५२२ | ५०००० | |
| २३६ | दलित लक्षित कार्यक्रम | २२५२२ | १००००० | |
| २३७ | युवाहरुलाई ड्राइभिङ्ग कार्यक्रम | २२५२२ | ४००००० | |
| २३८ | धर्म संस्कार संस्कृति जर्गेना कार्यक्रम | २२५२२ | २००००० | |
| २३९ | स्वास्थ्य संस्था | २५३१२ | १००००० | |
| २४० | देवानटार खगेन्द्र राईको घर हुँदै कुमार तामाङ्गको घर सम्म बाटो स्तरोन्नती | ३११५१ | १००००० | |
| २४१ | विशाल लिम्बुको घर हुँदै दिपक श्रेष्ठको बाटो स्तरोन्नती | ३११५१ | ५०००० | |
| २४२ | खन्युवास समाधिस्थल जाने सडक | ३११५१ | ५०००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| २४३ | टुडिखेल टोल डिक बहादुर गिरिको घर देखी कुमारी राईको घर सम्म बाटो मर्मत | ३११५१ | ५०००० | |
| २४४ | कर्मीटार गणेश मन्दिर देखि सल्लेरी आवि सडक स्तरोन्नती | ३११५१ | २००००० | |
| २४५ | माथिल्लो कोप्चे राममन्दिर मर्मत | ३११५९ | ५०००० | |
| २४६ | तलेघर टोल विकास ड्रेन मर्मत | ३११५९ | १००००० | |
| २४७ | माथिल्लो कोप्चे कृष्ण मन्दिर मर्मत | ३११५९ | ५०००० | |
| २४८ | देवानटार दुर्गा भण्डारीको घर हुँदै महिला पुनर्स्थापना जाने ड्रेन मर्मत | ३११५९ | ५०००० | |
| २४९ | माथिल्लो कोप्चे ढल मर्मत( रेडियो नेपाल बाट लाफा होटल) | ३११५९ | ५०००० | |
| २५० | ठुलोघर भवन रंगरोगन | ३११५९ | ५०००० | |
| २५१ | तल्लो कोप्चे लक्ष्मी नारायण मन्दिर मर्मत | ३११५९ | १००००० | |
| २५२ | बडहरे फुजुलुक | ३११५९ | २००००० | |
| | ८०१०६४०१२०६ धनकुटा नगरपालिकावडा नं ६ | | | |
| २५३ | कृषि सामाग्री खरिद | २२५२२ | ४००००० | |
| २५४ | मन्दीर तथा पाटी पौवा व्यवस्थापन | २२५२२ | ३००००० | |
| २५५ | दलित क्षमता विकास कार्यक्रम | २२५२२ | १००००० | |
| २५६ | युवा क्षमता अभिबृदि कार्यक्रम | २२५२२ | ५०००० | |
| २५७ | सिरान बजार फलावर सिटि निर्माण | २२५२२ | १००००० | |
| २५८ | खेलकुद सामाग्री खरिद | २२५२२ | १००००० | |
| २५९ | साझेदारीमा सडक बत्ति व्यवस्थापन | २२५२२ | ५००००० | |
| २६० | जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम | २२५२२ | ५०००० | |
| २६१ | महिला क्षमता अभिवृदि कार्यक्रम | २२५२२ | १००००० | |
| २६२ | राइ कुवा टोल विकास सडक निर्माण | ३११५१ | १००००० | |
| २६३ | सल्लेरी बरबोटे सडक स्तरोन्ती | ३११५१ | ३००००० | |
| २६४ | खानेपानी व्यवस्थापन | ३११५६ | २००००० | |
| २६५ | खुला व्यायमशाला निर्माण | ३११५९ | ५००००० | |
| २६६ | कृषि सुधार कार्यक्रम कार्यपालिका सदस्य-रेजिना हिङमाङ्ग | | १००००० | समानिकरणमा घटाउने |
| | ८०१०६४०१२०७ धनकुटा नगरपालिकावडा नं ७ | | | |
| २६७ | अपाङ्गता कार्यक्रम | २२५२२ | ५०००० | |
| २६८ | दलित विकास कार्यक्रम | २२५२२ | ५०००० | |
| २६९ | विभिन्न सामाग्री खरिद वितरण | २२५२२ | २५०००० | |
| २७० | जेष्ठ नागरिक कार्यक्रम | २२५२२ | ५०००० | |
| २७१ | सङ्घ संस्था साझेदारी कार्यक्रम (कार्यपालिका सदस्य- दिल कुमार राई) | २२५२२ | १००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| २७२ | टंक मगरको घर छेउबाट तुलसा खड्का र देवीकला खड्काको घरसम्म बाटो मर्मत | ३११५१ | १००००० | |
| २७३ | मितेरी टोलमा सडक स्तरोन्नती | ३११५१ | १५०००० | |
| २७४ | दुर्गा वि क को घर देखि लाफा चौक निस्कने सिंडी निर्माण | ३११५१ | १५०००० | |
| २७५ | नोवेल राईको घर देखि मुकेश श्रेष्ठको घरसम्म सडक स्तरोन्नती | ३११५१ | १५०००० | |
| २७६ | छोरी श्रेष्ठको घर देखी गोविन्द मगरको घरसम्मको सडक मर्मत | ३११५१ | १००००० | |
| २७७ | सन्तमान डंगोलको घर देखि चुवावुङ जाने बाटो मर्मत | ३११५१ | १००००० | |
| २७८ | संगम टोलमा वाल निर्माण | ३११५१ | १००००० | |
| २७९ | मदन उदासको घर देखि खड्ग मगरको घरसम्म बाटो मर्मत | ३११५१ | १००००० | |
| २८० | चुवावुङ फोङ्सुवा सडक सडक स्तरोन्नती | ३११५१ | १५०००० | |
| २८१ | चुवाबुङ फोङ्सुवा सडक स्तरोन्नती (कार्यपलिका सदस्य- ज्ञानु राई) | ३११५१ | १००००० | |
| २८२ | बरदाङ टोल स्थित देशीनी खायल सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| २८३ | त्रिवेणी मा वि पछाडी वग्ने भल नियन्त्रण कार्यक्रम | ३११५९ | १५०००० | |
| २८४ | रामनारायण श्रेष्ठको घर हुँदै गैरी टोल मार्गाथान जाने बाटो स्तरोन्नती | ३११५९ | १००००० | |
| २८५ | बसपार्क स्थित ढल व्यवस्थापन | ३११५९ | १००००० | |
| २८६ | कोशी ग्याँस देखि रेवत श्रेष्ठको घरसम्म ढल निर्माण | ३११५९ | ५००००० | |
| २८७ | सिर्जना टोल अन्तर्गत वाल सिँडी निर्माण | ३११५९ | १५०००० | |
| २८८ | सरोज भुजेल र केशव पहाडी को घर छेउमा ढल निर्माण | ३११५९ | १००००० | |
| २८९ | श्रीकृष्ण टोल भिमसेन मन्दिर मर्मत | ३११५९ | १५०००० | |
| **८०१०६४०१२०८ धनकुटा नगरपालिकावडा नं ८** | | | | |
| २९० | ज्येष्ठ नागरिक कार्यक्रम | २२५२२ | ५०००० | |
| २९१ | अशक्त असाय खाद्यन्न वितरण कार्यक्रम | २२५२२ | १००००० | |
| २९२ | आठपहरीया-बराह क्षेत्र धाममा तिर्थ यात्रा | २२५२२ | ५०००० | |
| २९३ | लक्षित सिपमुलक तालिम कार्यक्रम | २२५२२ | २००००० | |
| २९४ | पर्यटन प्रवर्द्धधन रोटेपिङ्ग डाँडा मिनि पार्क निर्माण | २२५२२ | २००००० | |
| २९५ | फलफुल पकेट कार्यक्रम | २२५२२ | १००००० | |
| २९६ | खेलकुद कार्यक्रम | २२५२२ | १००००० | |
| २९७ | स्वास्थ्य संस्था व्यवस्थापन (टेकुनाला) | २५३१२ | १००००० | |
| २९८ | मेशिनरी औजार वितरण कार्यक्रम | ३११२२ | १५०००० | |
| २९९ | मार्गाथान लेखशिरे चाम्चिवुङ् सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| ३०० | नामिन्डा डाँडा— जिमी प्रावि सडक स्तरोन्नती | ३११५१ | १००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| ३०१ | देउराली पिप्ले सडक अन्र्तगत ढल र मेशिनरी वाल निर्माण | ३११५१ | १००००० | |
| ३०२ | मार्गा– जिमि टोल अन्र्तगत छिडेन सडक विस्तार ( नयाँ ) | ३११५१ | १००००० | |
| ३०३ | देउ व घुम्ती देखि खाम्वेला सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| ३०४ | खाम्वेला लुकुवा कृषि सडक स्तरोन्नती | ३११५१ | १००००० | |
| ३०५ | जाव्रेखेत-खानेपानी विस्तार कार्यक्रम | ३११५६ | १००००० | |
| ३०६ | खानेपानी पाईप वितरण कार्यक्रम | ३११५६ | १००००० | |
| ३०७ | खानेपानी पाईप खरिद (कार्यपालिका सदस्य-भोगेन्द्र कुमार राई) | ३११५६ | १००००० | समानिकरणमा थप्ने |
| ३०८ | क्रियापुत्री भवन निर्माण | ३११५९ | १००००० | |
| ३०९ | मार्गा टहरा निर्माण | ३११५९ | १००००० | |
| ३१० | आवास निर्माण | ३११५९ | २००००० | |
| ३११ | लामपाते धुलेपूजा टहरा निर्माण | ३११५९ | ५०००० | |
| ३१२ | स्थानीय तान बुन्ने भवन निर्माण | ३११५९ | १००००० | |
| ३१३ | गुठी घर सिँढी निमार्ण (पेलेकपाङ) | ३११५९ | ५०००० | |
| ३१४ | ग्याविन जालि निर्माण | ३११५९ | १५०००० | |
| **८०१०६४०१२०९ धनकुटा नगरपालिकावडा नं ९** | | | | |
| ३१५ | बालबालिका लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३१६ | संघसंस्था साझेदारी कार्यक्रम | २२५२२ | २००००० | |
| ३१७ | दलित लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३१८ | युवा लक्षित कार्यक्रम | २२५२२ | १००००० | |
| ३१९ | पर्यटन प्रवर्द्धन कार्यक्रम | २२५२२ | १००००० | |
| ३२० | ज्येष्ठ नागरिक लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३२१ | अपाङ्ग लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३२२ | वातावरण संरक्षण तथा सरसफाई कार्यक्रम | २२५२२ | १००००० | |
| ३२३ | खेदकुद विकास कार्यक्रम | २२५२२ | १००००० | |
| ३२४ | आदिवासि जनजाति लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३२५ | बिभिन्न टोलमा समुहहरुलाई सामाग्री वितरण | ३११२२ | १००००० | |
| ३२६ | साँवाबारी किराँतेश्वर मन्दिर व्यवस्थापन तथा मुर्ति खरिद | ३११५१ | १५०००० | |
| ३२७ | भलायो गोलाई कार्की गाउँ पँधेरा सडक स्तरउन्नति | ३११५१ | ५०००० | |
| ३२८ | बेलहारा बैंसी चौतारा घेराबार | ३११५९ | ५०००० | |
| ३२९ | जाल्पादेवी मन्दिर व्यवस्थापान गुठिटार | ३११५९ | ५०००० | |
| ३३० | मुलघाट महिला समुह भवन घेराबारा | ३११५९ | ५०००० | |
| ३३१ | रायागाउँ तरकारी संकलन केन्द्र निर्माण | ३११५९ | | हटेको |
| ३३२ | बाघखोर प्रतिक्षालय निर्माण तथा सडक बत्ति व्यवस्थापन | ३११५९ | २००००० | नयाँ |
| ३३३ | खुरिला समुहघर बरन्डा निर्माण | ३११५९ | १००००० | |

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खशीनं | विनियोजन | कैफियत |
|---|---|---|---|---|
| ३३४ | किराँत आठपहरीया समुदाय बैठक तथा शौचालय निर्माण | ३११५९ | ५००००० | |
| ३३५ | राटमाटे बर्राबोटे टोल मन्दिर निर्माण | ३११५९ | २००००० | |
| ३३६ | गुठीटार प्रतिक्षालय निर्माण | ३११५९ | १००००० | |
| ३३७ | रुद्रबारी महिला समुह भवन व्यवस्थापन | ३११५९ | १००००० | |
| ३३८ | बेलहारा बैंसी खेलमैदान निर्माण | ३११५९ | १००००० | |
| ३३९ | तमोरभ्याली वालविकास केन्द्रमा सरस्वती मन्दिर निर्माण | ३११५९ | १००००० | |
| ८०१०६४०१२१० धनकुटा नगरपालिकावडा नं १० | | | | |
| ३४० | सिलाई बुनाई तालिम | २२५१२ | १००००० | |
| ३४१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २२५२२ | १००००० | |
| ३४२ | शहरी स्वास्थ्य क्लिनिक मार्गादिवी | २२५२२ | १००००० | |
| ३४३ | दलित लक्षित कार्यक्रम | २२५२२ | ५०००० | |
| ३४४ | विपद् व्यवस्थापन कार्यक्रम | २२५२२ | ३००००० | |
| ३४५ | जनकल्याण मावि शैक्षिक सुधार | २५३११ | १००००० | |
| ३४६ | उत्तरपानी खनालटोल कृषि सडक स्तर उन्नती, | ३११५१ | १५०००० | |
| ३४७ | भट्टराई घिमिरे रिङरोड सडक स्तर उन्नती | ३११५१ | १००००० | |
| ३४८ | गोगुनबोटे घण्टी डाँडा कृषि सडक स्तर उन्नती | ३११५१ | १००००० | |
| ३४९ | मार्गा बरवोटे सल्लेरी कृषि सडक स्तर उन्नती | ३११५१ | ५००००० | |
| ३५० | उत्तरपानी हात्तिढुङ्गे कृषि सडक स्तरउन्नती | ३११५१ | २००००० | |
| ३५१ | उत्तरपानी पारीपात्ले फर्म मन्धारा सडक स्तरउन्नती | ३११५१ | २००००० | |
| ३५२ | महिला बहुउदेश्शिय सहकारी संस्था भवन सिलिङ निर्माण ,विजयखक | ३११५९ | १००००० | |
| ३५३ | शिव पन्चायन मन्दिर डुम्रेसान्ने घेरावारा | ३११५९ | १००००० | |
| ३५४ | मार्गादिवी टोल विकाश संस्था भवन मर्मत तथा शौचालय निर्माण | ३११५९ | १००००० | |
| ३५५ | महिला विकाश बहुउदेश्शिय सहकारी संस्था परिसरमा सिढीँ निर्माण | ३११५९ | १००००० | |
| कुल जम्मा | | | ८६०००००० | |

**अनुसुचि- ३**

(संशोधित विनियोजन ऐनको दफा ३(३) सँग सम्बन्धित)

| क्रस | कार्यक्रम | रकम | कै |
|---|---|---|---|
| १ | राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम | ६०००००० | |
| २ | सामाजिक सुरक्षा कार्यक्रम | १२४४६७००० | |

**अनुसुचि- ४**

(संशोधित विनियोजन ऐनको दफा ३(४) सँग सम्बन्धित)

**घटाउने**

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ख उशि | रकम |
|---|---|---|---|
| १ | औषधीउपचार खर्च- कर्मचारी अवकास कोष/कर्मचारी कल्याण कोषमा जाने | २११२३ | १९०००००० |
| २ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | ११०००००० |
| ३ | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा ट्रान्स्फर भई जाने रकम | २१२१४ | ७०००००० |
| ४ | सभा सञ्चालन खर्च | २२७२१ | ५०००००० |
| ५ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | ३११५९ | ८६७२३७ |
| ६ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | ३११५९ | १०३२७६३ |
| ७ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | ३११५९ | १०००००० |
| ८ | कर्मचारी तालिम खर्च | २२५११ | ५०००००० |
| ९ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च- | २२३१५ | ८००००० |
| १० | दायित्व-कुमारनाथ घिमिरेको घरछेउ दुग्ध डेरी सम्म पैदल मार्ग | ३११५१ | ३०००००० |
| ११ | गुठीटार बिद्यालय संरक्षणका लागि वाल निर्माण | ३११५९ | ५०००००० |
| १२ | वहुउदेश्यिय सामुदायिक भवन निर्माण | ३१११२ | ७०००००० |
| १३ | वहुउदेश्यिय सामुदायिक भवन निर्माण | ३१११२ | ३०००००० |
| १४ | व्यवसायिक पशुपालनका लागि साझेदारी | ३११३१ | ६२००००० |

**बढाउने**

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | रकम |
|---|---|---|---|
| १ | दायित्व- वृत्त चित्र पर्यटन प्रबर्धन सम्बन्धि पुस्तिका छपाई पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च | २२५२२ | ११०००००० |
| २ | अन्य फिर्ता | २८२१९ | ७०००००० |
| ३ | दायित्व-कृषिमा यान्त्रिकरण साझेदारी | ३११३१ | ९०००००० |
| ४ | अन्य सामाजिक सहायता | २७२१९ | ५०००००० |
| ५ | प्रकोप व्यवस्थापन कोषमा जाने रकम | २७२१२ | १०००००० |
| ६ | पुजन रम्तेल मोटर साईकल मर्मत केन्द्र सञ्चालन धनपा ६ | ३११३२ | १५००००० |
| ७ | आठपहरिया संग्राहलय आगनमा ब्लक विछ्याउने कार्य | ३१११२ | ६८००००० |
| ८ | बजारमा रहेका सिसि क्यामेरा जडान तथा मर्मत | ३११५९ | १८००००० |
| ९ | सडक मर्मत तथा सरसफाई | ३११५१ | ८२७६३ |
| १० | सडक मर्मत तथा सरसफाई | ३११५१ | २६७२३७ |
| ११ | तीज प्रतियोगिता कार्यक्रम धनपा | २२५२२ | ८००००० |
| १२ | तीज प्रतियोगिता कार्यक्रम धनपा | २२५२२ | २००००० |

| | | | |
|---|---|---|---|
| १३ | महिला विकास बहुउद्देशिय सहकारी संस्था भवन मर्मत धनपा १० | ३१११२ | २००००० |
| १४ | नमस्ते धनकुटा विविध साँस्कृतिक कार्यक्रम सञ्चालन | २२५२२ | ३००००० |
| १५ | बिहिवारे हाट मालबाँसे सडकको नुनथला टोल सडक स्तरोन्नती | ३११५१ | २४०००० |
| १६ | कृष्ण प्रणामी मन्दिर धनकुटा ६ | ३११५९ | १००००० |
| १७ | पब्लिक रिसर्च सेण्टर दलित युवा तथा अल्पसंख्यकहरुको शसक्तिकरण कार्यक्रम | ३११३२ | ३००००० |
| १८ | पखेरे टोल रुदुवा- खाम्चे सडक मर्मत | ३११५१ | २००००० |
| १९ | टेकुनाला बाहुनी डाँडा सडक स्तरोन्नति | ३११५१ | १००००० |
| २० | नेपालेली भाषा तथा संस्कृति अनुसन्धान केन्द्र | २२५२२ | १५०००० |
| २१ | नेपालेली भाषा तथा संस्कृति अनुसन्धान केन्द्र | २२५२२ | ८०००० |
| २२ | न्हु दया भिन्तुना (नयाँ बर्षको शुभकामना) कार्यक्रम | २२५२२ | २००००० |
| २३ | सिसिङ्ग गोरेटो बाटो निर्माण धनकुटा ५ | ३११५१ | १५०००० |
| २४ | त्रिसुले चापे ग्रामिण सडक स्तरोन्नति | ३११५१ | २००००० |
| २५ | राजन कार्की को घरको फुसको छाना फेर्ने कार्य- | ३११११ | ५०००० |
| २६ | आदिवासी जनजाती पैदल मार्ग निर्माण धनपा १ञञ | ३११५१ | ३००००० |
| २७ | ब्यावसायिक बाख्रापालन -होमबाराक पशुपंक्षी कृषि फर्म धनकुटा नपा ८ | ३११५१ | ४०००० |
| २८ | रायागाउ तरकारी संकलन केन्द्र निर्माण | ३११५९ | ४००००० |
| २९ | वौद्ध गुम्वा निर्माण स्थल व्यवस्थापन त्रिसुले | ३११५९ | १५०००० |
| ३० | बंगुरको खोर सुधार- चिचिल्ला बंगुर कुखुरा फर्म धनकुटा नपा— ७ | ३११३१ | ३०००० |
| ३१ | ब्यवसायिक पशुपालन- याक्खा कृषि फर्म धनकुटा नपा— ८ | ३११३१ | १००००० |
| ३२ | स्वास्थ्य महिला समुह भवन मर्मत माथिल्लो खाल्डे । धनपा ६ | ३१११२ | ३००००० |
| ३३ | एकल महिला समुह सचेतना कार्यक्रम | २२५२२ | १००००० |
| ३४ | ब्यावसायिक कुखुरापालन- धौतिदेवि बुढाथोकी धनकुटा नपा— १ | ३११३१ | ५०००० |
| ३५ | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा २ खानेपानी व्वस्थापन | ३११५६ | १००००० |
| ३६ | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा २ खानेपानी व्वस्थापन | ३११५६ | २००००० |
| ३७ | ब्यावसायिक गाईपालन- लेखाली पशुपालन फर्म धनकुटा नपा— १ | ३११५१ | ३००००० |
| ३८ | ब्यवसायिक सुन्तला खेती अगाप्य कृषि तथा पशुपालन फर्म धनकुटा नपा— ३ | ३११३१ | १००००० |

**अनुसुचि- ५**

(संशोधित विनियोजन ऐनको दफा ३(५) सँग सम्बन्धित)

**घटाउने**

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ख.उ.शि | रकम |
|---|---|---|---|
| १ | सङ्घीय समपुरक अनुदान | ३११५१ | ७८००००० |

| | | | |
|---|---|---|---|
| २ | कोशी प्रदेश समपुरक अनुदान | ३११५१ | ७५००००० |
| ३ | स्थानीय अनुकुलन कार्य योजना निर्माण | २२५२२ | १००००० |
| ४ | डुम्रेसान्ने युवा समाज खेलकुद तथा खेल मैदान स्तर उन्नती | ३११५९ | २५०००० |
| ५ | दायित्व-वकिलडाँडा मोहन विस्कुट उद्योग सडक धनपा ४ | ३११५१ | ४००००० |
| ६ | फोहर पुर्ने कार्य | २२५२२ | १०००००० |
| ७ | दायित्व-आँखा अस्पताल शिविर सञ्चालन | २२५२२ | २००००० |
| ८ | दायित्व-भेडेटार फुड फेष्टिबल | २२५२२ | १००००० |
| ९ | दायित्व-योजना सफ्टवेयर खरिद र इन्टलेशन | ३११३४ | ५०२००० |

**बढाउने**

| क्रसं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ख.उ.शि | रकम |
|---|---|---|---|
| १ | बिहिवारे हाट-ठोका-दाहाल चौतारा भिरगाउँ सडक स्तरोन्नति धनपा ५ ४ र २- प्रदेश समपुरक | ३११५१ | ३५९२००० |
| २ | घमुाउने चौतारा टेकुनाला सडक स्तरोन्नति- प्रदेश समपुरक | ३११५१ | ३९०८००० |
| ३ | पात्ले खोला-डुम्रेसान्ने-उत्तरपानी सडक स्तरोन्नती- संघ समपुरक | ३११५१ | ६०८८५०० |
| ४ | वडा कार्यालय भवनमा ट्रष्ट निर्माण धनपा २ | ३१११२ | २२२१३०० |
| ५ | भेडेटार फुड फेष्टिबल | २२५२२ | १००००० |
| ६ | डुम्रेसान्ने युवा समाज खेलकुद प्रतियोगिता संचालन | २२५२२ | २५०००० |
| ७ | सडक सरसफाई तथा आँखा अस्पताल पहिरो सरसफाई | ३११५१ | २९३७०० |
| ८ | ल्याण्डफिल साईट फोहोर पुर्ने माटो | | ८००००० |
| ९ | बसपार्क पसल कवल गौतम होटल ट्वाईलेट मर्मत | | २००००० |
| १० | वडा नं ७ सडक सरसफाई | ३११५१ | २१३००० |
| ११ | व्यापारिक भवन- माछापुच्छ्रे बैंक ट्वाईलेट मर्मत | ३११५९ | ५०००० |
| १२ | व्यापारिक भवन- प्लाष्टर पनिङ्ग | ३१११३ | ८५५०० |
| १३ | पालिकाको बसपार्क स्थित कफि सपमा ब्लक बिछ्याउने काम | ३११५९ | ५०००० |

## अनुसुचि- ६

(संशोधित विनियोजन ऐनको दफा ३(६) सँग सम्बन्धित)

### वडा नं १

<table>
<tr><th>ख.शी.नं</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>परिवर्तित शीर्षक, नाम</th><th>रकम</th></tr>
<tr><td>३११५९</td><td>लिम्वु सेवा समाज भवन निर्माण</td><td>१००००००</td><td rowspan="5">थिङ टोलराना टोल शान्ती टोल कृषि सडक स्तरोन्नति</td><td rowspan="5">५०००००</td></tr>
<tr><td>२२५२२</td><td>हिले वक्रकुण्ड कप फुटवल प्रतियोगिता</td><td>१०००००</td></tr>
<tr><td>२२५२२</td><td>महिला क्षमता विकास तालिम</td><td>१०००००</td></tr>
<tr><td>३११२२</td><td>थिङ समुहको कार्यालय व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>३११२२</td><td>हिले वजार सिसिटिभि जडान</td><td>१०००००</td></tr>
<tr><td>३११५९</td><td>गोठ सुधार कार्यक्रम</td><td>१०००००</td><td>भ्यू टावर मर्मत, सरसफाई</td><td>१०००००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३११२३ | विभिन्न जातीय संस्थालाई फर्निचर खरिद (कार्यपालिका सदस्य) | १५०००० | सीप विकास तालिम (कार्यपालिका सदस्य) | ५०००० |

**वडा नं ४**

| | | | | |
|---|---|---|---|---|
| २२५२२ | माघा महिला कृषक समुह घुम्तीकोष | ५०००० | हाङ्चुवा कृषि सडक मर्मत | ५०००० |
| २२५२२ | सिस्ने कृषक समुहलाई घुम्ती कोष | ५०००० | वडा कार्यालय सामग्री खरिद | ५०००० |
| २२५२२ | घरेलु तथा साना उधोगहरु प्रवर्धन कार्यक्रम | १००००० | कृषि विकास कार्यक्रम | १०००० ० |

**वडा नं ५**

| | | | | | |
|---|---|---|---|---|---|
| २२५२२ | सेवा प्रवाहसँग सम्वन्धित डिजिटल नागरिक वडापत्र | ४००००० | २२५२२ | युवा लक्षित कार्यत्ररम | ३००००० |
| | | | | सडक टर्निङ्ग प्वाईन्टमा ट्राफिक मिरर जडान | १००००० |

**वडा नं ६**

| | | | | |
|---|---|---|---|---|
| ३११५९ | खुल्ला व्यायमशाला निर्माण | ५०००० ० | विपद् व्यवस्थापन | ३००००० |
| | | | सरस्वती मार्ग अन्तर्गत ज्योती विशुङ्केको घर अगाडी सडक मर्मत | ७०००० |
| | | | वडा कार्यालय भवन उद्धाटन तथा मर्मत | १३०००० |

**वडा नं ७**

| | | | | |
|---|---|---|---|---|
| २२५२२ | कृषि सामग्री खरिद तथा वितरण(कापा सदस्य दील कुमार राई) | १०००० ० | खेल सामग्री खरिद र वितरण | १००००० |

**निर्णय नं २**

नगरकार्यपालिकाको वैठकवाट स्वीकृतीका लागि पेश भएका तपसीलमा उल्लेखित ऐनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**(क) धनकुटा नगरपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

**प्रस्तावना** : स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको १७ औं नगर सभाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "धनकुटा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकासन भएको मिति देखि लागु प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अर्थ मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ग) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखापरीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ।

(घ) "आन्तरिक लेखापरीक्षण" भन्नाले नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्नको लागि तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ।

(ङ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(च) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र विषयगत शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत; प्रमुख प्रशासकीय अधिकृतको हकमा प्रमुख र प्रमुखको हकमा नगर कार्यपालिका सम्झनुपर्छ।

(छ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ज) "कार्यपालिका" भन्नाले धनकुटा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(झ) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ञ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (झ) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनुपर्छ।

(ट) "कारोबार" भन्नाले सरकारी चल अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित कानून बमोजिम निर्धारित काममा गरिने खर्च वा दाखिला सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ र सो शब्दले वित्तीय हस्तान्तरण, राजस्व सङ्कलन र दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोष र अन्य कोष समेतसँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार सम्झनुपर्छ।

(ठ) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिका सम्झनुपर्छ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ढ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ण) “प्रदेश सञ्चित कोष” भन्नाले नेपालको संविधानको धारा २०४ बमोजिमको कोशी प्रदेशको सञ्चित कोष सम्झनुपर्छ।

(त) “बजेट तथा कार्यक्रम तर्जुमा समिति” भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्झनुपर्छ ।

(थ) “बेरूजु" भन्नाले प्रचलित कानूनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबार सम्झनुपर्छ।

(द) “बैङ्क” भन्नाले नेपाल राष्ट्र बैङ्क सम्झनुपर्छ र सो शब्दले नेपाल राष्ट्र बैङ्कको अधिकार प्रयोग गर्ने गरी सरकारी कारोबार गर्न तोकि दिएको वाणिज्य बैङ्कलाई समेत जनाउँदछ।

(ध) “लेखा उत्तरदायी अधिकृत” भन्नाले धनकुटा नगरपालिकाको आर्थिक अधिकार प्रयोग गर्ने प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(न) “विषयगत शाखा” भन्नाले धनकुटा नगरपालिका अन्तर्गत रहेको विषयगत शाखा, उपशाखा, एकाइ वा वडा समितिको कार्यालय सम्झनुपर्छ।

(प) “स्थानीय सञ्चित कोष” भन्नाले नेपालको संविधानको धारा २२९ बमोजिमको धनकुटा नगरपालिकाको स्थानीय सञ्चित कोष सम्झनुपर्छ।

(फ) “सभा” भन्नाले धनकुटा पालिकाको नगर सभा सम्झनुपर्छ।

(ब) “स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति” भन्नाले दफा ७ को उपदफा (३) बमोजिम गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति सम्झनुपर्छ।

(भ) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृतबाट प्राप्त अख्तियारी बमोजिम वा यस ऐन बमोजिम निर्धारित कार्य सन्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरुजु फर्छ्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने वा गराउने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्यौट गर्ने जिम्मेवारी भएको गैरसरकारी व्यक्तिलाई समेत जनाउँछ

## परिच्छेद-२

## स्थानीय सञ्चित कोषको सञ्चालन र वित्तीय विवरण

३. **स्थानीय सञ्चित कोषको सञ्चालन** : (१) नेपालको संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही कार्यपालिकाको कार्यालयले स्थानीय सञ्चित कोषको सञ्चालन गर्नेछ।

(२) स्थानीय सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) स्थानीय सञ्चित कोषको रकम नेपाल राष्ट्र बैङ्कको सहमतिमा महालेखा नियन्त्रकको कार्यालयले तोकेको बैङ्क वा 'क' वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(४) स्थानीय सञ्चित कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **वित्तीय विवरण** : (१) लेखा उत्तरदायी अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी प्रत्येक आर्थिक वर्ष असोज मसान्तभित्र कार्यपालिका, सम्बन्धित प्रदेश लेखा ईकाई कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम तयार गरी महालेखा परीक्षकले तोकेको ढाँचामा पठाउनु पर्नेछ।

(३) कार्यपालिकाले उपदफा (१) बमोजिमको वित्तीय विवरण प्राप्त भएको एक हप्ताभित्र कार्यालयको वेबसाइट वा अन्य माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-३

## राजस्व र व्ययको अनुमान

५. **स्थानीय राजस्व परामर्श समिति** : (१) राजस्व सम्बन्धी परामर्शको लागि देहायबमोजिमको एक स्थानीय राजस्व परामर्श समिति रहनेछः-

(क) उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यमध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च) राजस्व प्रशासन उपशाखा प्रमुख -सदस्य सचिव

(२) राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने,

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

(छ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पेस गर्ने राजस्व सम्बन्धी विवरण तयार गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चैत मसान्तभित्र प्रमुख समक्ष आफ्नो प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने** : (१) कार्यपालिकाले प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गरी सभामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा नगरपालिकाको स्वीकृत सोँचपत्र वा आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाका आधारमा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय

तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "प्रस्तावित आयोजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर कार्यान्वयन गर्न सकिने आयोजना बैङ्कमा प्रविष्ट भएको आयोजना वा कार्यक्रमको विवरण र त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि तयार गरिएको लागत अनुमानको पुष्ट्याइँ सहितको क्रियाकलाप सम्झनुपर्छ।

(३) मध्यमकालीन खर्च संरचना सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **स्रोतको अनुमान र बजेट सीमा निर्धारण गर्नुपर्ने** : (१) मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि कार्यपालिकाले देहायका आधारमा आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा खर्च गर्न सकिने बजेट सीमाको वस्तुगत पूर्वअनुमान तयार गर्नुपर्नेछः-

(क) नगरपालिकाको गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको छ महिनाको आम्दानी, खर्च र उपलब्धिको अवस्था,

(ख) सङ्घ र प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट तथा रोयल्टीको सीमा र मार्गदर्शन,

(ग) स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन समेतका आधारमा आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आन्तरिक आय, विकास सहायता, ऋण र अन्य आय, र

(घ) चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना।

(२) उपदफा (१) बमोजिम खर्चको सीमा निर्धारण गर्दा दफा १२ को उपदफा (२) बमोजिमको दायित्व तथा जनाइएको प्रतिबद्धता अनुसार भुक्तानी हुन बाँकी रकम समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा खर्च गर्न सकिने बजेट सीमाको वस्तुगत पूर्वअनुमानको प्रयोजनका लागि देहायबमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहनेछः-

(क) प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको चार जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(४) उपदफा (३) को खण्ड (ग) बमोजिम सदस्य तोक्दा प्रमुखले कार्यपालिकामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलको सदस्यलाई समेत तोक्नु पर्नेछ।

तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन।

(५) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, नगरपालिकाको आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्य गर्ने।

(६) उपदफा (३) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (३) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) उपदफा (३) बमोजिमको समितिले स्रोत अनुमान गर्दा स्थानीय राजस्व परामर्श समितिले सिफारिस गरेको सीमाभन्दा बढी नहुने गरी अनुमान गर्नु पर्नेछ।

८. **<u>बजेट सीमा र मार्गदर्शन पठाउने</u>** : (१) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दफा ७ को उपदफा (१) बमोजिम निर्धारित स्रोत अनुमान तथा बजेट सीमाको अधीनमा रही आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन र ढाँचा तयार गरी नगर कार्यपालिकावाट स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मार्गदर्शन तयारीको क्रममा बजेट तथा कार्यक्रमका प्राथमिकताका सम्बन्धमा स्थानीय स्तरका निजी क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था वा सरोकारवालासँग राय सुझाव माग गर्नु पूर्व बजेट छलफल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेट तर्जुमाको ढाँचा निर्धारण गर्दा विषयगत समितिको सिफारिसमा शाखा, उपशाखा वा वडा समितिले आर्जन गर्नसक्ने राजस्व रकम, आयोजना तथा कार्यक्रमसँग सम्बन्धित अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्ड (नर्म्स) को आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्नु पर्नेछ।

(४) प्रमुख प्रशासकीय अधिकृतले मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी आगामी आर्थिक वर्षको स्वीकृत बजेट सीमा र मार्गदर्शन तथा ढाँचा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र विषयगत समितिमार्फत सम्बन्धित शाखा, उपशाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ।

९. **नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने** : (१) प्रमुखले प्रत्येक वर्ष नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरी जेष्ठ मसान्तभित्र सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपदफा (१) बमोजिमको नीति तथा कार्यक्रमलाई आधार मान्नु पर्नेछ।

१०. **बजेट तर्जुमा प्रक्रिया** : (१) वडा समितिले आफ्नो वडा भित्रका टोल तथा बस्ती विभाजन गरी सहभागितामूलक छलफलबाट प्रस्तावित कार्यक्रमको विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको छलफलमा बस्ती भित्रका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, युवा, ज्येष्ठ नागरिक, निजी क्षेत्र र समुदायमा आधारित संस्थाका प्रतिनिधि समेतको सहभागिता गराउनु पर्नेछ।

(३) बजेट तर्जुमा प्रयोजनका लागि आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, विपद् तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच विषयगत क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तयार भएको विवरणबाट वडा समितिले बजेट तर्जुमा मार्गदर्शन र सीमाको अधीनमा रही आयोजना तथा कार्यक्रमको विषयगत क्षेत्र छुट्याई प्राथमिकीकरण सहित विषयगत समितिमा पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त आयोजना तथा कार्यक्रमको विषयगत समितिले क्षेत्रगत रूपमा एकीकृत गरी बजेट सीमाको अधीनमा रही प्राथमिकीकरण सहित दफा ११ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्नु पर्नेछ।

(६) बजेट तर्जुमा प्रक्रियाको समयतालिका अनुसूची १ बमोजिम हुनेछ।

११. **<u>बजेट तथा कार्यक्रम तर्जुमा समिति</u>** : (१) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा र मार्गदर्शनको अधीनमा रही नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहायबमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछः-

| | |
|---|---|
| (क) उपप्रमुख | - संयोजक |
| (ख) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरू | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) आर्थिक तथा राजस्व प्रशासन शाखा प्रमुख | - सदस्य |
| (ङ) प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ख) दफा ७ को उपदफा (३) बमोजिमको समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेस गर्ने,

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना र कार्यक्रमबीच आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्ने,

(ङ) नगरपालिकाको आवश्यकता बमोजिमका बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी अन्य कार्य गर्ने।

(३) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बजेट तथा कार्यक्रम तर्जुमा समितिले दफा १० को उपदफा (५) बमोजिम प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकीकरण सहित एकीकृत बजेट प्रस्ताव तयार गरी कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको बजेट प्रस्ताव गर्दा देहायबमोजिम गर्नु पर्नेछः-

(क) विषय शाखागत कार्यविभाजन बमोजिम सम्बन्धित विषयगत शाखालाई तोकिएका कार्य, नगरपालिकाको मौजुदा नीति, कार्यक्रम र आवधिक

योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्ने,

(ख) दफा (६) बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचनालाई ध्यानमा राखी सो बमोजिम कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम र सो अन्तर्गतका क्रियाकलाप, सोको लागि निर्धारित खर्च मापदण्ड (नर्म्स) का आधारमा लाग्ने अनुमानित लागत तथा त्यस्तो लागत व्यहोरिने स्रोत निर्धारण गर्ने,

(ग) आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षको लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण गर्ने,

(घ) बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नुपर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकमको प्रस्ताव गर्ने,

(ङ) नगरपालिकाको क्षेत्रगत योजनाका लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रमको लाभ लागत विश्लेषण गरी बजेट प्रस्ताव तयार गर्ने,

(च) आयोजना बैङ्कमा प्रविष्ट आयोजनाका लागि मात्र रकमको प्रस्ताव गर्ने,

(छ) गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समावेश गर्ने,

(ज) बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गर्ने,

(झ) विषयगत शाखा प्रमुख र लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा नगद व्यवस्थापन योजना, राजस्व अनुमानको आधार, राजस्व प्राप्त हुने समय, राजस्व प्रवाहमा पुग्ने योगदान, स्रोतगत, खर्च शीर्षकगत तथा क्रियाकलापगत विषयमा छलफल गर्ने।

१२. **बजेट विनियोजन** : (१) बजेट तथा कार्यक्रम तर्जुमा समितिले योजना तथा कार्यक्रममा बजेट विनियोजनको प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण सहित प्रस्तावित रकमको पुष्ट्याइँ गर्ने आवश्यक नीति, कानून, खर्च मापदण्ड तथा सामाजिक

कार्यक्रमको लागि नगरपालिकाको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण सहितको पुष्ट्याइँ पेस गर्नुपर्ने,

(ख) नयाँ योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा पुँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्ट्याइँ सहित प्रस्ताव गर्नुपर्ने,

(ग) सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतिको प्रमाण, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नुपर्ने,

(घ) आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने,

(ङ) बजेट प्रस्ताव गर्दा तोकिएको खर्चको मापदण्ड (नर्म्स) अनुसार गर्नुपर्ने।

(२) उपदफा (१) बमोजिम बजेट विनियोजनको प्रस्ताव गर्दा सिर्जित दायित्व तथा प्रतिबद्धता अनुसार व्ययभार पर्ने रकम, तलब, भत्ता र प्रशासनिक खर्च लगायतको खर्चका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ आयोजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम बजेट विनियोजन गर्दा खर्च गर्नसक्ने क्षमता समेतको आधारमा गर्नु पर्नेछ।

१३. **बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता** : (१) यस ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै प्रमुखले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सभामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सभाले आवश्यक देखेमा संशोधन गर्न सक्नेछ।

१४. **राजस्व र व्ययको अनुमान तयार गर्ने** : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले देहायका विवरण समावेश गरी राजस्व र व्ययको अनुमान तयार गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए वा नभएको तथा विषयगत शाखालाई छुट्याइएको रकमबाट भएको खर्च र खर्च अनुसारको लक्ष्य हासिल भए वा नभएको विवरण,

(ख) दफा ६ बमोजिमको मध्यमकालीन खर्च संरचना,

(ग) नगरपालिकाको स्रोत, सहायता तथा आन्तरिक ऋणबाट प्रत्येक खर्च शीर्षकको लागि व्यहोरिने कार्यक्रमको विवरण,

(घ) आगामी तीन आर्थिक वर्षको राजस्व र व्ययको प्रक्षेपण,

(ङ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(च) आगामी तीन आर्थिक वर्षको नगरपालिकाको समष्टिगत आर्थिक स्थिति,

(छ) कर वा गैरकरमा छुट दिइएको विवरण।

१५. **राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने** : (१) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दफा १४ बमोजिम तयार गरेको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान (बजेट), मध्यमकालीन खर्च संरचनाको खाका, विनियोजन विधेयक र आर्थिक विधेयक तयार गरी कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको राजस्व र व्ययको अनुमान कार्यपालिकाले असार दश गतेभित्र स्वीकृत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको राजस्व र व्ययको अनुमान उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले सभामा पेस गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको राजस्व र व्ययको अनुमान पेस गर्नु अगावै प्रमुखले चालु वर्षको आर्थिक सर्वेक्षण सभामा पेस गर्नु पर्नेछ।

१६. **घाटा बजेट पेस गर्नसक्ने** : (१) राजस्व र व्ययको अनुमान पेस गर्दा आवश्यकता अनुसार घाटा बजेट पेस गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेस गर्दा सङ्घीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम घाटा बजेट पेस गर्दा नेपाल सरकारले नेपालको संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनिवार्य दायित्व प्रयोजनका लागि घाटा बजेट पेस गर्न पाइने छैन।

१७. **आयोजनाको वर्गीकरण र आयोजना बैङ्क** : (१) नगरपालिकामा स्थानीयस्तरको एक आयोजना बैङ्क रहनेछ।

(२) उपदफा (१) बमोजिमको स्थानीय आयोजना बैङ्कमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुने आयोजना प्रविष्टि गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम आयोजना बैङ्कमा प्रविष्टि नभएका आयोजनामा बजेट विनियोजन गर्न पाइने छैन।

(४) स्थानीयस्तरको आयोजना छनौट, विश्लेषण र प्राथमिकीकरणको मापदण्ड राष्ट्रिय योजना आयोगले तोकेको मापदण्डको अधीनमा रही कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

## परिच्छेद — ४

## बजेट निकासा, खर्च र नियन्त्रण

१८. **बजेट निकासा** : (१) प्रमुखले विनियोजन ऐन प्रारम्भ भएको मितिले सात दिनभित्र स्वीकृत बजेट विवरण र वार्षिक कार्यक्रमको आधारमा खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ।

(२) खर्च खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिएबमोजिम बैङ्क मार्फत रकम प्राप्ति, निकासा र भुक्तानी गर्नु पर्नेछ।

(४) भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम रकम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुने गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अवलम्बन गर्नु पर्नेछ ।

(६) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फस्यौंट गर्ने र कार्यपालिकामा प्रतिवेदन पेस गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(७) यस ऐन र प्रचलित कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने वा गराउने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१९. **स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन** : (१) आफ्नो कार्यालय तथा विषयगत शाखाको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) विनियोजन ऐन वा अन्य कानूनबमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको हुनेछ।

(३) उपदफा (२) बमोजिमका पदाधिकारीले नेपाल सरकार, प्रदेश सरकार, नगर सभा र नगर कार्यपालिकाबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्ययोजनामा तोकिएबमोजिम वार्षिक खरिद योजना, मासिक नगद प्रवाह योजना, उपलब्धि मापन सूचक र कार्यान्वयनको समय तालिका समेत समावेश गर्नु पर्नेछ।

(५) बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतले प्रमुखसँग, विषयगत शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र अन्य कर्मचारीले विषयगत शाखा प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको कार्यसम्पादनमा उत्कृष्ट नतिजा हासिल गर्ने कर्मचारीलाई कार्यसम्पादन करारमा उल्लिखित शर्तका अधीनमा रही कार्यसम्पादन करारको सूचकको आधारमा मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारीलाई कार्यपालिकाले पुरस्कृत गर्न सक्नेछ।

२०. <u>रकमान्तर तथा स्रोतान्तर</u> : (१) कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल, घरभाडा, सामाजिक सुरक्षा भत्ता जस्ता अनिवार्य दायित्वको लागि विनियोजित रकम रकमान्तर गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) विनियोजन ऐन अन्तर्गत नेपाल सरकार वा प्रदेश सरकार वा आन्तरिक स्रोतबाट प्राप्त कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारबाट सशर्त, विशेष र समपूरक अनुदानबाट स्रोतान्तर गर्न पाइने छैन।

२१. **<u>बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको आर्थिक स्थिति र स्थानीय सञ्चित कोषमा जम्मा रहेको रकमलाई समेत विचार गरी कार्यपालिकाले विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको फागुन मसान्तसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा विषयगत शाखा प्रमुखले त्यस्तो रकम चैत पन्ध्र गतेभित्र लेखा उत्तरदायी अधिकृतसमक्ष समर्पण गर्नु पर्नेछ।

२२. **<u>बजेट कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन</u>** : (१) नगरपालिकाबाट विनियोजित बजेट कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गरी सुधारको खाका तय गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख | - संयोजक |
| (ख) उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) विषयगत समितिका संयोजकहरू | - सदस्य |
| (ङ) प्रमुख, विषयगत शाखा सबै | - सदस्य |
| (च) प्रशासन, योजना तथा अनुगमन शाखा | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य, विषय विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले बजेट कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्दा वार्षिक योजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति, खर्च र राजस्वको अवस्था समेतको त्रैमासिक रूपमा समीक्षा गरी सोको प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन समेतका आधारमा कार्यपालिकाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहायका विवरण सहित वार्षिक एकीकृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछः-

(क) राजस्व, खर्च, अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) नगरपालिकाको आर्थिक तथा वित्तीय स्थिति,

(ग) नगरपालिकाको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयनको अवस्था,

(घ) अन्य आवश्यक विवरण।

(५) उपदफा (४) बमोजिम तयार गरिएको प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा इकाइ कार्यालय र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

२३. **खर्च गर्ने कार्यविधि र मापदण्ड** : (१) अधिकारप्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्च गर्ने आदेश दिनु पर्नेछ।

(२) सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।

(३) भुक्तानी गर्दा विनियोजित बजेटको सीमाभित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनु पर्नेछ।

(४) कार्यपालिकाले सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न वा गराउन अर्थ मन्त्रालयको खर्चको मापदण्डको प्रतिकूल नहुने गरी छुट्टै मापदण्ड तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको मापदण्डको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(६) खर्च गर्ने, पेश्की दिने र फस्र्योट गर्ने सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

२४. **सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने** : (१) खर्च हुन बाँकी विनियोजित बजेट स्थानीय सञ्चित कोषमा दाखिला गरी हिसाब मिलान गर्नु पर्नेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सशर्त, समपूरक वा विशेष अनुदान बापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सङ्घ र प्रदेशको विनियोजन ऐनमा तोकेको अवधिभित्र सम्बन्धित सरकारको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

## परिच्छेद- ५

## कारोबारको लेखा

२५. **लेखाको सिद्धान्त, आधार र लेखाको ढाँचा** : (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम राखिनेछ।

(२) लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको लेखा महालेखा परीक्षकबाट स्वीकृत लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण बमोजिम राख्नु पर्नेछ।

(४) नगरपालिकाको खाता महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम सञ्चालन गर्नु पर्नेछ।

२६. **कारोबारको लेखा** : (१) विनियोजन, राजस्व, धरौटी र अन्य कोषका अतिरिक्त कार्यपालिकासँग भएको सम्झौता बमोजिम प्राप्त भएको जुनसुकै सहायता वा स्रोतबाट भएको सबै कारोबारको लेखा राख्नु लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ।

(२) कुनै कारोबार बजेटमा समावेश नभएको भए त्यस्तो कारोबारको अभिलेख तोकिएको ढाँचामा छुट्टै तयार गरी राख्नु पर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले विषयगत शाखाबाट विनियोजन, राजस्व, धरौटी र अन्य कोष समेतको वित्तीय विवरण प्राप्त गरी एकीकृत वित्तीय विवरण र केन्द्रीय हिसाब तयार गरी सोको विवरण तोकिएको समयभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा ईकाई कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(४) नगरपालिका अन्तर्गतका सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

२७. **राजस्व दाखिला र राजस्वको लेखा** : (१) प्रचलित कानूनबमोजिम नगरपालिकालाई प्राप्त हुने राजस्व तथा सरकारी रकम विषयगत शाखामा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिएबमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैङ्कमा जम्मा हुन आएको राजस्व सोही दिन आन्तरिक राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(३) काबु बाहिरको परिस्थिति परी उपदफा (१) वा (२) बमोजिम राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट बैङ्क वा आन्तरिक राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "काबु बाहिरको परिस्थिति" भन्नाले भूकम्प, बाढी, पहिरो जस्ता विपद्, महामारी, कुनै हिंसात्मक गतिविधि, हुलदङ्गा, बन्द हड्ताल, कर्फ्यू वा त्यस्तै अन्य विशेष परिस्थिति सम्झनुपर्छ।

(४) उपदफा (३) मा उल्लिखित अवस्थामा बाहेक सरकारी कारोबार गर्न स्वीकृति प्राप्त कुनै बैङ्कले आन्तरिक राजस्व खातामा राजस्व दाखिला गर्दा तीन दिनभन्दा बढी अवधि ढिलो गरेमा त्यस्तो बैङ्कलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न लेखा उत्तरदायी अधिकृतले महालेखा नियन्त्रक कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(५) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(६) राजस्वको लेखा राख्ने र राजस्वको कारोबार गर्ने बैङ्कबीचको हिसाब मिलान सम्बन्धी व्यवस्था महालेखा नियन्त्रक कार्यालयले तोकेको ढाँचामा नगरपालिकाबाट भएको सम्झौता बमोजिम हुनेछ।

२८. **नगद, जिन्सी दाखिला र लेखा** : (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) मा तोकिएको समयभन्दा बढी ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सोको दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाउने र प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न वा गराउन सकिनेछ।

तर, बैङ्क र कार्यालयबीचको दूरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोही म्याद बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको स्रेस्ता खडा गर्न नसकेमा मनासिब कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम म्याद थपको लागि अनुरोध भइआएमा एक तह माथिको अधिकारीले मनासिब कारण देखेमा एकै पटक वा पटक पटक गरी बढीमा तीस दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

२९. **हानि नोक्सानी असुल गरिने** : यस ऐन बमोजिम राख्नु पर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानि नोक्सानी तथा क्षति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल गरिनेछ।

## परिच्छेद-६

## आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

३०. **आन्तरिक नियन्त्रण प्रणाली** : (१) नगरपालिकाले आफ्नो वा अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफैं वा आफू मातहतको वरिष्ठ अधिकृतमार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रूपमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु वा गराउनु पर्नेछ।

(३) आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि महालेखा नियन्त्रक कार्यालयले बनाएको दिग्दर्शनमा उल्लेख भए बमोजिम हुनेछ।

३१. **लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति** : (१) आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि नगरपालिकामा देहायबमोजिमको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहनेछः-

| | |
|---|---|
| (क) लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको वरिष्ठ अधिकृत | - संयोजक |
| (ख) योजना शाखा प्रमुख | - सदस्य |
| (ग) प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) आन्तरिक लेखापरीक्षक | - सदस्य |
| (ङ) शहरी पुर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (च) खरिद तथा सम्पत्ती व्यवस्थापन उपशाखा प्रमुख | - सदस्य |
| (छ) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले नगरपालिका र मातहतका विषयगत शाखाबाट सम्पादन गरिने कार्य दक्षतापूर्ण तथा मितव्ययी रूपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय विवरणलाई विश्वसनीय बनाउने र लेखापरीक्षणबाट कायम भएका बेरुजु फस्यौंट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तथा प्रभावकारी बनाउन आवश्यक काम गर्नेछ।

३२. **आन्तरिक लेखापरीक्षण** : (१) नगरपालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा महालेखा नियन्त्रकको कार्यालयले तोकेको मापदण्ड बमोजिम आन्तरिक लेखापरीक्षण इकाइबाट हुनेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आन्तरिक लेखापरीक्षकले पालिकाको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्बन्धित कारोबारको तथ्याङ्कीय शुद्धता र कानूनको परिपालना तथा अर्थ मन्त्रालयले स्वीकृत गरेको लेखा निर्देशिका अनुसार लेखा, प्रमाण कागजातका साथै अङ्कको पूर्ण परीक्षण गर्ने,

(ख) नगरपालिकाको कार्यसम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग तथा प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव पेस गर्ने र अवलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत तथा प्रक्रियागत पक्षको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्ने,

(ग) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको सम्बन्धमा जाँचबुझ गरी सोको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालन सम्बन्धमा सुझाव दिने,

(घ) आन्तरिक लेखापरीक्षण प्रयोजनका लागि नगरपालिकाको आर्थिक कारोबार र सोसँग सम्बन्धित कागजात, अभिलेख र निर्णयको निरीक्षण, परीक्षण तथा जाँच गर्ने।

(ङ) आर्थिक कारोबार गर्दा कागजात अपुग, अधुरो र प्रकृया पुरा नभएको पाइए सच्याउन थप्न सहयोग गर्ने ।

(४) आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको पन्ध्र दिनभित्र लेखा उत्तरदायी अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(५) आन्तरिक लेखापरीक्षकले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, व्यावसायिकता सहितका आचरण पालना गर्नु पर्नेछ।

(६) आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुँदैन।

(७) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखापरीक्षण गरेको आधारमा मात्र निज उपर कुनै कानूनी कारबाही चलाइने छैन।

तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेमा वा बदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा सम्बन्धित निकायले लेखापरीक्षण सम्बन्धी प्रचलित कानूनबमोजिम कारबाही गर्न बाधा पुगेको मानिने छैन।

(८) लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ।

(९) अन्तिम लेखापरीक्षण हुँदाका बखत प्रस्तुत हुन आएका आन्तरिक लेखापरीक्षणका सुझावको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावलाई लेखापरीक्षकले अन्तिम लेखापरीक्षण प्रतिवेदनमा आफ्नो सुझावको रूपमा प्रस्तुत गर्न सक्नेछ।

(१०) लेखा र आन्तरिक लेखापरीक्षणको कार्य गर्नको लागि एउटै कर्मचारीलाई खटाउन पाइने छैन।

३३. **अन्तिम लेखापरीक्षण** : पालिकाले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी प्रचलित कानूनबमोजिम महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

३४. **कारोबारको लेखा तथा विवरण दाखिला गर्नुपर्ने** : (१) सरकारी नगदी, जिन्सी, आयव्ययको लेखाको आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकबाट सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको म्यादभित्र पेस गर्न नसकिने मनासिब कारण भएमा सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिले लेखापरीक्षकसँग प्रचलित कानून अनुसारको थप समय माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण पेस गर्न नसकेमा सो कारणबाट देखिएको बेरुजु वा कैफियतप्रति सम्बन्धित पदाधिकारी वा व्यक्ति जिम्मेवार हुनेछ।

३५. **बेरूजको लगत राख्ने** : लेखा उत्तरदायी अधिकृतले अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरूजुको लगत महालेखा परीक्षकको कार्यालयको वर्गीकरण अनुसारको ढाँचामा राख्नु वा राख्न लगाउनु पर्नेछ।

३६. **<u>बेरुजु फस्यौंट गर्ने जिम्मेवारी</u>** : (१) लेखापरीक्षणबाट औंल्याइएको बेरूजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी वा असुल गरी वा गराई फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरूजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुनेछ। त्यस्तो व्यक्ति तथा पदाधिकारी बेरूजु फस्यौंट नहुँदै सरूवा वा बढुवा वा अन्य कारणले कार्यालयमा नरहेमा त्यस्तो स्रेस्ता तथा अभिलेख पेस गर्ने तथा बेरुजु फस्यौंट गर्ने वा गराउने जिम्मेवारी हालको जिम्मेवार व्यक्ति वा पदाधिकारीको हुनेछ।

(२) उपदफा (१) बमोजिम बेरुजु फस्यौंट हुन नसकेमा लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई सो बेरुजु कायम हुने गरी आर्थिक कारोबार गर्ने पदाधिकारी र कारोबारमा संलग्न व्यक्तिबाट असुल गर्नुपर्ने देखिएमा असुल गर्न वा गराउन लगाई बेरुजु फस्यौंट गर्नु वा गराउनु पर्नेछ। जानाजान वा लापरबाहीसाथ कारोबार गरी हानि नोक्सानी भएको देखिएमा त्यस्तो बेरूजु रकम सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नु पर्नेछ।

(३) आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत राख्न छुटाएको देखिएमा वा नगरपालिकालाई हानि नोक्सानी भएको भन्ने सूचना प्राप्त भएमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले तत्कालै त्यस्तो हानि नोक्सानी भएको रकम सम्बन्धित जिम्मेवार व्यक्ति वा पदाधिकारीबाट असुल गरी निजलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(४) कारोबारमा संलग्न पदाधिकारीलाई निज सरुवा, बढुवा वा अन्य तरिकाले जिम्मेवारीबाट अलग हुँदा आन्तरिक लेखापरीक्षण गराएर मात्र रमाना दिनु पर्नेछ। आन्तरिक लेखापरीक्षणबाट कुनै कैफियत देखिएमा लेखा उत्तरदायी अधिकृतले सोको जवाफ वा प्रतिक्रिया लिएर फरफारख गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम बेरुजु फस्यौंट गरे वा नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानूनबमोजिम फस्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

३७. **<u>बेरुजु फस्यौंट तथा फरफारख</u>** : (१) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरूजु असुल गरी फस्यौंट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरुजुको हकमा लेखा उत्तरदायी अधिकृतले कारोबारमा संलग्न पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टीकरण लिई त्यस्तो बेरूजु असुल गराई समयमै फस्यौंट गर्नु वा गराउनु पर्नेछ।

(३) असुल गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरूजु बाहेक अन्य बेरुजुको हकमा प्रचलित कानूनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी,

जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याइँ गर्ने कारण सहितको प्रमाण प्राप्त भएमा लेखा उत्तरदायी अधिकृतले लेखा समिति समक्ष पेस गर्नु पर्नेछ।

(४) लेखा समितिले त्यस्तो बेरुजु अध्ययन गरी नियमित गर्नुपर्ने देखेमा सोको लागि सिफारिस साथ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । कार्यपालिकाले दफावार छलफल गरी नगरसभामा पेस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेस भएको बेरुजु नगर सभाले नियमित गरी फस्यौंट गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम फस्यौंट भएको बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न सात दिनभित्र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्नेछ।

(७) बेरूजु फस्यौंट सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

३८. <u>**वार्षिक प्रतिवेदनमा छलफल**</u> : (१) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरूजुको सम्बन्धमा नगरसभामा छलफल गरिनेछ।

(२) उपदफा (१) बमोजिम नगरसभामा छलफल हुँदा बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सो सम्बन्धमा आफ्नो राय प्रतिक्रिया वा लिखित धारणा पेस गर्ने तथा बेरूजु फस्यौंट सम्बन्धी काम कारबाही गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विषयगत शाखा प्रमुखको हुनेछ।

## परिच्छेद-७

## <u>बरबुझारथ, निरीक्षण तथा लिलाम बिक्री</u>

३९. <u>**बरबुझारथ**</u> : (१) कर्मचारीले आफू सरुवा, बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधि काज वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी, जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काइस दिनभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा प्रमाणपत्र लिनु पर्नेछ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकिएमा सोको कारण खोली प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार बढीमा पन्ध्र दिनको अवधि थप गरी बरबुझारथ गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अवधि भित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानूनबमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान

रोक्का राखी तथा निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए सम्बन्धित निकायमा अनुरोध गरी प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाउनु पर्नेछ।

(५) निर्धारित समयावधिमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको बिगो रकम सम्बन्धित व्यक्तिबाट असुल गरिनेछ।

४०. **<u>सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण</u>** : (१) प्रमुख प्रशासकीय अधिकृतले कार्यालयमा अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य अधिकृत स्तरका कर्मचारीबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्नेछ।

(२) सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४१. **<u>लिलाम बिक्री</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसामान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको मालसामान प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याएमा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी लिलाम गर्न सकिनेछ।

## परिच्छेद-८

## <u>सरकारी बाँकी असुल</u>

४२. **<u>नियमित प्रक्रियाबाट फस्यौंट नभएको बेरुजु सरकारी बाँकीको रूपमा रहने</u>** : (१) लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३६ र ३७ बमोजिम फस्यौंट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरुजु रकम सरकारी बाँकी सरह सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम असुल गर्नुपर्ने देखिएको रकम तीन वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फस्यौंट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रूपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीमा लगत कायम गरिएको असुल गर्नुपर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुलको लागि तोकिएबमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकम असुलका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयलाई आवश्यक सहयोग गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम असुलका लागि प्राप्त भएको बेरूजु रकम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल गर्नेछ।

## परिच्छेद-९

## वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता

४३. **वित्तीय उत्तरदायित्व** : (१) योजना छनौट गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने वा गराउने, बजेटको कार्यान्वयन र समष्टिगत अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्ने वा गराउने, आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानूनको पालना गर्ने वा गराउने र नगरपालिकाको समग्र वित्तीय अनुशासन कायम गर्ने वा गराउने उत्तरदायित्व प्रमुखको हुनेछ।

(२) राजस्वको यथार्थपरक अनुमान गर्ने, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, आयोजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्ने उत्तरदायित्व उपप्रमुखको हुनेछ।

(३) यस ऐन बमोजिमको लेखा राख्ने, आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्ने वा गराउने, खर्च गर्ने तथा बेरुजु फस्यौंट गर्ने वा गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(४) सहभागितामूलक पद्धतिको अवलम्बन गरी माग र आवश्यकतामा आधारित आयोजना वा कार्यक्रमको प्रस्ताव गर्ने, वडास्तरीय आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने, सोको अनुगमन गर्ने उत्तरदायित्व सम्बन्धित वडा अध्यक्षको हुनेछ।

(५) आर्थिक कारोबारको लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरूजु फस्यौंट गर्ने वा गराउने उत्तरदायित्व आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ।

(६) वित्तीय उत्तरदायित्व बहन भए वा नभएको सम्बन्धमा उपदफा (१) बमोजिमका पदाधिकारीको हकमा कार्यपालिकाबाट र उपदफा (२), (३) र (४) बमोजिमका पदाधिकारीको हकमा प्रमुखबाट र उपदफा (५) बमोजिमको पदाधिकारीको हकमा लेखा उत्तरदायी अधिकृतबाट निगरानी हुनेछ।

४४. **<u>लेखा तयार गर्ने जिम्मेवारी</u>** : (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले आफ्नो कार्यालयको नियमित जाँचबुझ वा निरीक्षण गर्दा वा लेखापरीक्षणबाट प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिएमा त्यस्तो कारोबार वा कैफियतको सम्बन्धमा सम्बन्धित जिम्मेवार व्यक्ति जवाफदेही हुनेछ।

४५. **<u>आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी</u>** : (१) आर्थिक प्रशासन सञ्चालन गर्दा विषयगत शाखाले प्रचलित कानूनको पालना गरे वा नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र विषयगत शाखाको हिसाब कार्यालयको हिसाबमा समावेश गराई जाँचबुझ गर्ने वा गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) नगरपालिकाको लागि विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च हुन नसकेमा सोको जिम्मेवारी प्रमुख तथा लेखा उत्तरदायी अधिकृतले लिनु पर्नेछ।

(३) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काममा अनियमितता हुन गएमा तोकिएको अवधिभित्र विषयगत शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष र प्रमुख प्रशासकीय अधिकृतले प्रमुख समक्ष नियमित गराउन पेस गरेमा प्रमुखले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे वा नराखेको, लेखा दाखिला गरे वा नगरेको र लेखापरीक्षण गराए वा नगराएको सम्बन्धमा समय समयमा अनुगमन गरी गराई आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

४६. **<u>जवाफदेही हुनुपर्ने</u>** : (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोबार वा निज आफैंले गरेका कारोबारका सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली र अन्य प्रचलित कानूनबमोजिम त्यस्तो आदेश वा निर्देशन दिने वा कारोबार गर्ने व्यक्ति जिम्मेवार हुनेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली र अन्य प्रचलित कानूनबमोजिम कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेस गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी बहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धमा निज आफैं जवाफदेही हुनेछ।

४७. **<u>सरकारी नगदी, जिन्सी  दुरूपयोग वा मस्यौट भएमा कारबाही गर्नुपर्ने</u>** : (१) नगरपालिकाको सरकारी नगदी, राजस्व, धरौटी तथा जिन्सीको आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले निरीक्षण वा जाँचबुझ हुँदा मस्यौट वा दुरूपयोग भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानूनबमोजिम त्यस्तो मस्यौट वा दुरूपयोग गर्ने उपर विभागीय कारबाही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्दा वा कुनै जिम्मेवार अधिकारीबाट कारबाहीका लागि लेखी आएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले कारबाही नगरेमा निजलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न प्रमुखले सम्बन्धित अख्तियारप्राप्त अधिकारी समक्ष लेखी पठाउनेछ।

४८. **<u>सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नुपर्ने</u>** : नगरपालिकामा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु प्रमुख प्रशासकीय अधिकृतको कर्तव्य हुनेछ।

४९. **<u>सरकारी धनमाल वा सम्पत्ति तोकिएको काममा प्रयोग गर्नुपर्ने</u>** : (१) नगरपालिकामा प्राप्त हुन आएको नगदी वा जिन्सी तोकिएको काममा बाहेक अन्य काममा प्रयोग वा खर्च गर्नु हुँदैन।

(२) कुनै कर्मचारीले अधिकारप्राप्त अधिकारीको स्वीकृति बिना सरकारी सम्पत्ति प्रयोग गरेको देखिएमा सम्बन्धित विषयगत शाखा प्रमुखले त्यस्तो जिन्सी फिर्ता लिई वा खर्च गरेको रकम असुल गरी विभागीय कारबाहीको लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नु पर्नेछ।

(३) कसैले सरकारी जिन्सी व्यक्तिगत प्रयोगमा ल्याएको वा प्रयोग गर्न दिइएको कारणबाट त्यस्तो सरकारी जिन्सी वा सम्पत्तिमा हुन गएको सबै प्रकारको क्षति र नोक्सानी प्रयोग गर्न दिने र प्रयोग गर्ने दुवैबाट दामासाहीले असुल गरिनेछ।

## परिच्छेद-१०

## <u>विविध</u>

५०. **<u>सार्वजनिक गर्नुपर्ने</u>** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानूनबमोजिम नगरपालिकाले तयार गर्नु पर्ने वित्तीय प्रतिवेदन त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र कार्यालयको वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

५१. **<u>सूचना प्रविधिको प्रयोग गर्ने</u>** : (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयले विकास गरेको सूचना प्रविधिमा आधारित प्रणाली लागू गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली नगरपालिकाले विकास गर्नुपर्ने भएमा अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ।

(४) यस दफा बमोजिमका प्रणालीबाट प्राप्त हुने सूचना प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(५) यस ऐन बमोजिम हुने कारोबार तथा व्यवस्थापनसँग अन्तरसम्बन्धित अन्य प्रणालीको विकास र अन्तरआबद्धता गर्ने सम्बन्धमा नेपाल सरकारले तोके बमोजिम कार्यपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ।

५२. **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये मिनाहा दिने बाहेकका अन्य अधिकार त्यस्तो निकाय वा अधिकारीले आवश्यकता अनुसार कुनै विषयगत शाखा वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

५३. **नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार** : (१) यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यकता अनुसार एकै वा पृथक पृथक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम नियम, कार्यविधि र निर्देशिका बनाउँदा यस ऐन र महालेखा नियन्त्रक कार्यालय वा अर्थ मन्त्रालयले निर्धारण गरेको कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन तथा मार्गदर्शनलाई समेतलाई आधार लिनु पर्नेछ।

(४) यस दफा बमोजिम बनाउने नियम, कार्यविधि वा निर्देशिका नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्ने स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

## अनुसूची १

(दफा १० को उपदफा (६) सँग सम्बन्धित)

**बजेट तर्जुमा प्रक्रियाको समय तालिका**

| चरण | | बजेट तर्जुमा सम्बन्धी कार्य | समय सीमा | जिम्मेवारी (तोक्नु पर्ने) |
|---|---|---|---|---|
| प्रथम चरण | आय व्ययको प्रक्षेपण | १. आगामी तीन वर्षमा हुने खर्चको अनुमान सहितको मध्यमकालीन खर्च संरचना तयार गर्ने। | पुस मसान्तसम्म | |

| चरण | | बजेट तर्जुमा सम्बन्धी कार्य | समय सीमा | जिम्मेवारी (तोक्नु पर्ने) |
|---|---|---|---|---|
| | | २. सङ्घ र प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदानको प्रक्षेपण सहितको तथ्याङ्कीय विवरण अर्थ मन्त्रालय र प्रादेशिक अर्थ मन्त्रालयमा पेस गर्ने। | | |
| | | ३. आगामी आर्थिक वर्षको आन्तरिक आम्दानी, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋणको प्रक्षेपण गर्ने। | चैत मसान्तभित्र | |
| द्वितीय चरण | स्रोत अनुमान तथा बजेट मार्गदर्शन र सीमा निर्धारण | ४. सङ्घ र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने।<br>५. कुल बजेटको अनुमान तथा सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने।<br>६. विषयगत शाखा तथा विषयगत समितिलाई बजेट मार्गदर्शन र सीमा उपलब्ध गराउने। | वैशाख पन्ध्र गतेभित्र | |
| तृतीय चरण | बस्ती/टोलस्तरीय छलफल र योजना सङ्कलन | ७. प्रत्येक वडामा बस्ती/टोलस्तरीय भेला तथा छलफलका लागि कार्यतालिका सार्वजनिक गर्ने।<br>८. वडा समितिका प्रत्येक वडा सदस्यको संयोजकत्वमा बस्ती/टोलस्तरीय भेला गरी आयोजना वा कार्यक्रम सङ्कलन गरी वडा समितिमा पेस गर्ने। | वैशाख मसान्तभित्र | |

| चरण | | बजेट तर्जुमा सम्बन्धी कार्य | समय सीमा | जिम्मेवारी (तोक्नु पर्ने) |
|---|---|---|---|---|
| चौथो चरण | वडा/टोलस्तरीय योजना प्राथमिकीकरण | ९. बस्ती/टोलस्तरबाट प्राप्त आयोजना वा कार्यक्रमको विषयगत क्षेत्रानुसार वर्गीकरण गर्ने।<br>१०. विषयगत समिति मार्फत प्राप्त बजेट मार्गदर्शन र सीमाको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी विषयगत समितिमा पेस गर्ने। | जेठ पन्ध्र गतेभित्र | |
| पाँचौं चरण | विषयगत समितिमा छलफल तथा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | ११. वडा समिति र विषयगत शाखा मार्फत प्राप्त बजेट तथा कार्यक्रमको विषयगत समितिमा छलफल, प्राथमिकीकरण र साङ्केतीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने।<br>१२. नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्राथमिकता तयार गरी प्रमुखद्वारा सभामा पेस गर्ने।<br>१३. बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सरोकारवालासँग छलफल गर्ने र गैरसरकारी संस्था तथा विकास साझेदारको कार्यक्रम समावेश गर्ने।<br>१४. एकीकृत आयव्ययको अनुमान, वार्षिक विकास कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयकको | जेठ मसान्तभित्र | |

| चरण | | बजेट तर्जुमा सम्बन्धी कार्य | समय सीमा | जिम्मेवारी (तोक्नु पर्ने) |
|---|---|---|---|---|
| | | मस्यौदा तयार गरी कार्यपालिकामा पेस गर्ने। | | |
| छैठौं चरण | वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृति तथा सभामा पेस | १५. एकीकृत आय व्ययको विवरण, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक कार्यपालिकामा छलफल तथा स्वीकृति।<br>१६. राजस्व र व्ययको विवरण उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले सभामा पेस गर्ने। | असार दश गतेभित्र | |
| सातौं चरण | सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति तथा प्रकाशन | १७. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक सभाबाट पारित गरी आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने।<br>१८. बजेट पुस्तिका र वार्षिक विकास कार्यक्रम प्रकाशन। | असार मसान्तभित्र | |

## (ख) धनकुटा नगरपालिका विज्ञापन ऐन, २०८२

**प्रस्तावनाः**

धनकुटा नगरपालिकामा कुनै बस्तु वा सेवाको बजार प्रबर्द्धन, बिक्रि वितरण वा प्रचार-प्रसारको लागि गरिने बाह्य विज्ञापन र नगरपालिकाबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सञ्चार माध्यमबाट गरिने विज्ञापनलाई नियमन, व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको १७ औं नगर सभाले यो ऐन बनाएको छ

### परिच्छेद —१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धनकुटा नगरपालिकाको विज्ञापन ऐन, २०८२" रहेको छ

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ५, ६ र ७ बमोजिम प्रदान गरिने अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) " बाह्य विज्ञापन" भन्नाले होर्डिङ्ग बोर्ड, डिजिटल बोर्ड वा अन्य विभिन्न प्रकारका बोर्ड, सूचनापाटी वा संरचना मार्फत घरबाहिर गरिने विज्ञापन सम्झनु पर्दछ र सो शब्दले सार्वजनिक स्थल, सपिङ महल, बसविसौनी सवारी साधन वा अन्य सार्वजनिक स्थानमा गरिने विज्ञापन समेतलाई जनाउनेछ।

(ङ) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, रेडियो, टेलिभिजन जस्ता विद्युतीय माध्यम,अनलाइन, सामाजिक सञ्जालको माध्यमबाट सार्वजनिक रूपमा प्रचार, प्रसार वा प्रदर्शन गरिएको वा प्रचार, प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, बोर्ड तस्विर, सङ्केत,पोष्टर, पर्चा,प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्यदृश्य सामग्री सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन र सूचना समेतलाई जनाउँछ।

(च) "विज्ञापन प्रकाशन" भन्नाले सार्वजनिक रूपमा जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुस्तक, पत्रपत्रिका, पम्प्लेट, ब्रोसर, संकेत वा लिखत वा अन्य कुनै पनि विज्ञापन सामग्री सार्वजनिक रूपमा प्रकाशन गर्ने कार्य सम्झनुपर्दछ ।

(छ) "विज्ञापन प्रसारण" भन्नाले सार्वजनिक रूपमा जानकारी दिने, व्यापार वा

व्यवसाय प्रवर्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले तयार गरिएको विज्ञापन सामग्रीलाई विद्युतीय सञ्चारमाध्यमबाट प्रचार गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "विज्ञापन बोर्ड" भन्नाले संघीय विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा **१४ (१)** बमोजिम गठित विज्ञापन बोर्ड सम्झनुपर्छ ।

(झ) "विज्ञापन वितरण" भन्नाले विज्ञापन प्रकाशन वा प्रसारणका लागि सञ्चारमाध्यमलाई विज्ञापन सामग्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(ञ) "विज्ञापन वितरण तथा अनुगमन समिति " भन्नाले यस ऐनको दफा १२ बमोजिम गठन हुने स्थानीय विज्ञापन अनुगमन समितिलाई सम्झनुपर्छ ।

(ट) "सञ्चारमाध्यम" भन्नाले सर्वसाधारणलाई सरोकार हुने जानकारी, सूचना, सन्देश, शिक्षा वा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले व्यावसायिक व्यक्तिको संलग्नतामा स्थापना भई नियमित रूपमा सञ्चालनमा रहेका छापा, रेडियो, एफ.एम. रेडियो, टेलिभिजन वा त्यस्तै प्रकारका अन्य विद्युतीय प्रचार वा प्रसारण गर्ने माध्यम सम्झनुपर्छ।

(ठ) "परिचयपाटी" भन्नाले व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानका बारेमा जानकारी दिन राखिने सूचना बोर्डलाई जनाउँदछ ।

(ड) "संघीय ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ सम्झनुपर्छ ।

(ढ) "संयोजक" भन्नाले दफा १२ बमोजिमको समितिको संयोजक सम्झनुपर्छ ।

(ण) "होडिङ्ग बोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले, सवारी साधन वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको माध्यम सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन गर्ने प्रयोजनका लागि निर्माण गरिएका संरचना समेत जनाउँदछ।

## परिच्छेद २

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र नलिई बाह्य विज्ञापन गर्न नहुने :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमतिपत्र नलिई धनकुटा नगरपालिका क्षेत्रभित्र देखिने गरी सार्वजनिक स्थलमा बाह्य विज्ञापन गर्न वा गराउने प्रयोजनका लागि कुनै संरचना बनाउन वा होर्डिङ्ग बोर्ड राख्न वा राख्न लगाउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले बाह्य विज्ञापन गर्न चाहेको स्थानको संख्या खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष देहायका विवरण संलग्न गरी अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) बाह्य विज्ञापन गर्न चाहेको घर वा जग्गा रहेको स्थानको जिआईएस म्याप,

(ख) बाह्य विज्ञापनको आकार वा प्रकार खुल्ने नमुना स्केच,

(ग) बाह्य विज्ञापन गर्न कुनै भौतिक संरचना निर्माण गर्ने भए सोको ड्र्इङ्ग वा नक्सा,

(घ) बाह्य विज्ञापन राख्न प्रस्ताव गरेको स्थान कसैको निजी स्वामित्वमा भए निजी स्वामित्व प्रमाणित हुने कागजात तथा त्यस्तो विज्ञापन राख्न

(ङ) सम्बन्धित व्यक्तिसँग भएको सम्झौता,

(च) बाह्य विज्ञापनगर्न प्रस्ताव गरेको स्थान सार्वजनिक स्वामित्वमा भए

(छ) स्वामित्व भएको सार्वजनिक निकायसँग गरेको सम्झौता,

(ज) बहालकर तिरेको प्रमाण,

(झ) विज्ञापन एजेन्सी भए बोर्डमा सूचीकृत भएको प्रमाणपत्र,

(ञ) विज्ञापनदाता, कुनै संघ,संस्था वा ब्यक्तिले सोझै विज्ञापन गर्न चाहेमा

(ट) कानून बमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र,

(ठ) धनकुटा नगरपालिकाले समय-समयमा तोकेको अन्य विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा सडक सीमा वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको आवागमन वा सुरक्षामा प्रतिकुल असर नपर्ने र अनुसूची २ बमोजिमको आकारमा नबढ्ने गरी आफ्नो पेशा वा व्यवसायका सम्बन्धमा परिचयपाटी राख्न सक्नेछ ।

तर परिचयपाटीमा विज्ञापन गर्न चाहने व्यक्तिले दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

**४.विज्ञापनको आकार, प्रकार र बनौटः**

१. प्रचार प्रसारको उद्धेश्यले नगरपालिका क्षेत्रभित्र राखिने विज्ञापन वोर्ड वा सामाग्रीको आकार,प्रकार र बनौट अनुसुची-२ मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ । तर, यस ऐनको अनुसुची-२ मा उल्लेख गरिए भन्दा भिन्न प्रकृतिको विज्ञापन वोर्ड तथा सामाग्री राख्न अनुमति माग भएमा सो विज्ञापन राख्न दिने नदिने सम्बन्धमा नगरपालिकाले निर्णय गर्न सक्नेछ ।

२. यस ऐन लागू हुन अघि नगरपालिका क्षेत्रमा राखिएका वोर्ड तथा सामाग्रीहरू अनुसुची-२ मा उल्लेखित मापदण्ड भन्दा फरक किसिमको भएमा उक्त बोर्डहरूलाई मापदण्ड बमोजिम कायम गर्न नगरपालिकाले ३ महिनाको अवधि दिई सूचना जारी गर्ने छ ।सो समय भित्र यस ऐन बमोजिम विज्ञापन वोर्डको मापदण्ड कायम नगरेमा नगरपालिकाले त्यस्तो विज्ञापन वोर्ड तत्काल हटाउन कार्वाही गर्नेछ ।

५.**अनुमतिपत्र प्रदान गर्ने**ः

(१) दफा ३ को उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले देहायको विवरण जाचँबुझ गरीअनुमति प्रदान गर्नु पर्नेछ ।

(क) बाह्य विज्ञापन राख्ने स्थानको ठेगाना (सडक, घर तथा जग्गा),
(ख) सडक, घर तथा जग्गाको स्वामित्व भएको व्यक्तिको विवरण,
(ग) बाह्य विज्ञापनको आकार, प्रकार, गुणस्तर, बनौट र विज्ञापन राख्ने अवधि,
(घ) बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न आवश्यक पर्ने धरौटी रकम,
(ङ) बाह्य विज्ञापन राखे बापत वार्षिक तिर्नुपर्ने अनुमतिपत्र शुल्क,
(च) विज्ञापनकर,
(छ) धनकुटा नगरपालिकाले तोकेको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम जाचँबुझ गर्दा निवेदन माग बमोजिम अनुमतिपत्र जारी हुन मानसिव देखिएमा प्रमुख प्रशासकीय अधिकृतले अनुमतिपत्र बापतको शुल्क लिई अनुसूची-३ बमोजिमको ढाचाँमा अनुमतिपत्र जारी गर्नेछ।

(३) अनुमतिपत्र तोकिए बमोजिमको अवधिसम्म बहाल रहनेछ र अवधि सकिएको होर्डिङ्ग बोर्डको तोकिए बमोजिमको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ।

६.**सवारी साधनमा गर्ने विज्ञापनः**

(१) दर्तावाला कम्पनी वा फर्मबाट संचालन भएको सार्वजनिक सेवा दिने सवारी साधन वा यस धनकुटा नगरपालिकामा स्थायी बसोबास भएका व्यक्ति वा मुख्य कार्यालय रहेको संस्थाको नाममा रहेको निजी सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्तिले त्यस्तो सवारीसाधनमा विज्ञापन गर्न देहायका कागजात संलग्न गरी अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-ः

(क) सवारी साधन दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) कम्पनी वा समितिको सवारीसाधन भए कम्पनी वा समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) सवारीसाधन नवीकरण गरिएको ब्लु बुकको प्रतिलिपि,
(घ) सवारीसाधनको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) सवारी धनी/कम्पनी/समितिसँग गरिएको सम्झौतापत्रको प्रतिलिपि,
(च) सवारीसाधनमा गरिने विज्ञापनको डिजाईन,
(छ) तोकिए बमोजिमका अन्य कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात निवेदनको व्यहोरा उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतले देहायका विवरण उल्लेख गरी अनुसूची-५ बमोजिमको ढाचाँमा सवारी साधनमा विज्ञापन गर्न अनुमतिपत्र प्रदान गर्न सक्नेछः

(क) सवारीसाधन धनीको नाम तथा ठेगाना,

(ख) सवारीसाधन कम्पनी वा समितिको भए कम्पनी वा समितिको नाम ठेगाना,

(ग) सवारीसाधनको नम्बर,

(घ) सवारीसाधनमा विज्ञापन राख्ने स्थान,

(ङ) सवारीसाधनमा विज्ञापन राख्ने अवधि,

(च) सवारीसाधनमा विज्ञापन राख्ने डिजाइन,

(छ) धनकुटा नगरपालिकाले तोकेको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त भएकोमा सवारीसाधनमा विज्ञापन राखिएको स्थानसँगै स्वीकृत स्थानीय तहको नाम, स्वीकृति नम्बर/ मिति र विज्ञापन राखिने अवधि खुलाउनु पर्नेछ।

(४) सवारीसाधनमा विज्ञापन राख्ने अवधि पूरा भएपछि सवारी धनी वा कम्पनीले त्यस्तो सवारीसाधनमा रहेको विज्ञापन हटाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम सवारीसाधनमा विज्ञापन गर्न अनुमति प्रदान गर्दा लिइने शुल्क तथा कर दफा ११ बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिम विज्ञापन नहटाएमा अनुमति प्राप्त व्यक्ति/संस्थाले अनुमति समाप्त भएको अवधिदेखिको विज्ञापनकर तिर्नु पर्नेछ।

७. <u>अन्य स्थानमा हुने विज्ञापनः</u>

(१) कुनै कार्यक्रम, भेला, समारोह कन्सर्ट वा खेलकुद प्रतियोगिता, मेला महोत्सवमा विज्ञापन गर्न चाहने व्यक्तिले अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा आवश्यक जाँचबुझ गरी तोकिएको शुल्क लिई निश्चित अवधिका लागि विज्ञापन गर्न अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(३) यस दफाबमोजिम अनुमतिपत्र प्रदान गर्दा कार्यक्रमको अवधि निर्धारण गरी त्यस अवधिमा हुने विज्ञापनको आधारमा कर तथा शुल्क प्राप्त गरी अनुमति पत्र प्रदान गर्नुपर्नेछ।

## <u>परिच्छेद-३</u>

## बाह्य विज्ञापनको आकार र सुरक्षा सम्बन्धी व्यवस्था

८.<u>होर्डिङ्ग बोर्डको सुरक्षा सम्बन्धी व्यवस्थाः-</u> (१) दफा ५ बमोजिम अनुमतिपत्र प्रदान गर्नु पुर्व देहायको विषयमा ध्यान दिनु पर्नेछ ।

(क) होर्डिङ्ग बोर्ड राख्ने स्थानको भौतिक संरचना,

(ख) होर्डिङ्ग बोर्डको आकार,प्रकार,

(ग) घर, भवन तथा पूर्वाधारको भार वहन क्षमता।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्र बमोजिम होर्डिङ्ग बोर्ड वा संरचना निर्माण गर्नु पर्दछ।

(३) होर्डिङ्ग बोर्ड वा संरचना निर्माण भएपछि प्राविधिक निरीक्षण गराई प्राप्त निरीक्षण प्रतिवेदनको आधारमा सुरक्षीत भएमात्र विज्ञापन राख्ने अनुमतिपत्र प्रदान गर्नु पर्छ।

९.<u>**डिजिटल बोर्डसम्बन्धी व्यवस्थाः**</u>-(१)अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले डिजिटल बोर्ड मार्फत विज्ञापन गर्ने भए निजले देहायका शर्त पालना गर्नुपर्नेछः-

(क) डिजिटल बोर्ड राखिएको स्थानको सिसिटिभि मनिटरिङ्ग गर्ने व्यवस्था भएको,

(ख) असम्बन्धित व्यक्तिको प्रवेश हुन नदिने वा बायोमेट्रिक प्रणालीको व्यवस्था गरेको,

(ग) बाह्य पोर्टको प्रयोग नहुने सुनिश्चितता गरेको,

(घ) सुरक्षित पासवर्ड राखेको,

(ङ) प्राइभेट नेटवर्क प्रयोग भएको।

(२) अनुमतिपत्र प्रदान गर्ने अधिकारीले उपदफा (१) बमोजिम भए वा नभएको प्राविधिक निरीक्षण गराई प्राप्त प्रतिवेदनको आधारमा विज्ञापन गर्न अनुमति प्रदान गर्नुपर्नेछ।

१०.<u>**होर्डिङ्ग बोर्डको आकार र स्थानः**</u>(१) होर्डिङ्ग बोर्डको आकार अनुसूची २ बमोजिम हुनेछ।

(२) सडक वा राजमार्गमा बाह्य विज्ञापन राख्न दफा ४ बमोजिम अनुमतिपत्र प्रदान गर्दा सडक किनाराबाट शहरी क्षेत्र भए कम्तीमा तीन फिट र राजमार्गको हकमा कम्तीमा ८ फिट जग्गा छोडेर बाह्य विज्ञापन राख्न अनुमतिपत्र प्रदान गर्नुपर्नेछ।

(३) सडक वा राजमार्गको घुम्तीमा बाह्य विज्ञापन राख्दा अगाडिबाट आईरहेको सवारी साधन छेकिने वा नदेखिने गरी अनुमतिपत्र प्रदान गर्न सकिने छैन।

(४) सडक वा राजमार्ग दायाँ-बाँयाका होर्डिङ्ग बोर्डमा फ्लेक्स प्रिन्टबाट विज्ञापन गर्दा कम्तीमा छ महिनाभित्र नयाँ प्रिन्ट राख्नु पर्ने गरी अनुमतिपत्र प्रदान गर्नुपर्नेछ।

(५) प्रमुख प्रशासकीय अधिकृतले वा निजले तोकेको अधिकारीले खुईलिएका वा च्यातिएका होर्डिङ्ग बोर्ड वा परिचयपाटी हटाउन वा परिवर्तन गर्न निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित पक्षले होर्डिङ्ग बोर्ड वा परिचयपाटी नहटाएमा प्रमुख प्रशासकीय अधिकृतले हटाउने छ र त्यसको खर्च सम्बन्धित व्यक्तिबाट शोधभर्ना लिईनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको आवगमन र सुरक्षामा असर नपर्ने गरी आफ्नो पेशा वा व्यवसाय गर्ने व्यक्तिले बढीमा तीस वर्गफिटसम्मको एउटा होर्डिङ्ग बोर्ड राख्न सक्नेछ।

**११.कर वा शुल्क लिनुपर्नेः** (१) धनकुटा नगरपालिकाले होर्डिङ्ग बोर्ड राख्ने अनुमतिपत्र प्रदान गर्दा देहाय अनुसारको कर लिनेछः-

(क) निजी जग्गा वा घरमा होर्डिङ्ग बोर्ड राखेको भए त्यस्तो जग्गा वा घर धनीले प्राप्त गर्ने रकममा बहाल कर,

(ख) सार्वजनिक जग्गा वा घरमा होर्डिङ्ग बोर्ड राख्ने भए बहाल वा बहाल कर,

(ग) होर्डिङ्ग बोर्ड वा संरचना राख्ने अनुमति शुल्क वा त्यसको नवीकरण गर्दा नवीकरण शुल्क

(घ) विज्ञापन प्रचार, प्रसार गरे वापतको विज्ञापन कर,

(ङ) होर्डिङ्ग बोर्ड राखे वापत धरौटी रकम।

(२) उपदफा (१) बमोजिम लाग्ने कर वा शुल्कको दर धनकुटा नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद —४

## अनुगमन समितिको गठन र काम कर्तव्य र अधिकार

**१२. विज्ञापन वितरण तथा अनुगमन समितिको गठनः** (१)स्थानीय स्तरमा आमसञ्चारका माध्यमबाट भएको विज्ञापन वा बाह्य विज्ञापनको अनुगमन गर्न देहाय बमोजिमको"स्थानीय विज्ञापन अनुगमन समिति" रहनेछः-

(क) प्रमुख -संयोजक

(ख) उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्रमुखले स्थानीय विज्ञापनदाताहरू मध्ये मनोनयन गरेको स्थानीय उद्योगपति वा व्यवसायी एकजना -सदस्य

(ङ)प्रमुखले मनोनयन गरेको स्थानीय सञ्चारमाध्यमको प्रतिनिधि एकजना -सदस्य

(च) विज्ञापन एजेन्सीको वा विज्ञापन व्यवसायमा पाँचबर्ष अनुभव प्राप्त व्यक्तिमध्ये प्रमुखले मनोनयन गरेको व्यक्ति एकजना -सदस्य

(छ) आर्थिक तथा राजस्व प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समिति गठन गर्दा कम्तिमा दुईजना महिला हुने गरी समावेशी सिद्धान्तका आधारमा गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको काम सन्तोषजनक नदेखिएमा, समितिको हित विपरीत कुनै काम गरेमा, निजको खराब आचरण भएमा, कार्य सम्पादन नगरी निज निष्कृय भएमा वा फौजदारी अभियोगमा निज कसुरदार ठहरिएमा समितिले कारण खुलाई जुनसुकै बखत निजलाई पदमुक्त गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) समितिले आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३.काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त दफा १२ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

(क) नगरपालिकाबाट अनुमति प्राप्त गरी नगरपालिका क्षेत्रमा सञ्चालन भएका सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापन तथा बाह्य विज्ञापन संघीय ऐन, यस ऐन तथा प्रचलित कानून बमोजिम भए, नभएको सम्बन्धमा अनुगमन गर्ने।

(ख) अनुगमन गर्दा यस ऐन, नियम वा प्रचलित कानून, मापदण्ड, विज्ञापन आचारसंहिता पालना नगरी विज्ञापन गर्ने व्यक्ति वा अनधिकृत रूपमा होर्डिङ बोर्ड राख्ने ब्यक्तिलाई छानविनको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ।

(ग) अनुगमनका क्रममा कसैले विज्ञापन गर्दा यो ऐन वा प्रचलित कानून वमोजिम विज्ञापनसम्वन्धी मापदण्ड पालना नगरेको पाईएमा त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिने।

(घ) अनधिकृत रूपमा होर्डिङ्ग बोर्ड राखी बाह्य विज्ञापन गरेको पाइएमा त्यस्ता बोर्डलाई हटाउने र हटाउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गराउने।

(ङ) स्थानीयस्तरमा विज्ञापनकर्ता, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यमहरूका बीच समन्वय गर्ने।

(च) विज्ञापन करको दर निर्धारण गरी सिफारिस गर्ने।

(छ) स्थानीयस्तरमा विज्ञापन बजारको विकास र विस्तारको सम्बन्धमा आवश्यक काम गर्ने, गराउने।

(ज) स्थानीय आवश्यकता अनुसार सार्वजनिक हित सम्वन्धी विज्ञापन निर्माण गरी स्थानीय सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्ने गराउने।

(झ) स्थानीय तहमा विज्ञापन सम्वन्धी उपभोक्ता सजकता कार्यक्रम सञ्चालन गर्ने वा गराउने।

(ञ) सञ्चारमाध्यमलाई धनकुटा नगरपालिकाबाट उपलब्ध गराउनुपर्ने सार्वजनिक हितसम्वन्धी विज्ञापन तोकिएको आधारमा समिति मार्फत समानुपातिक रूपमा स्थानीय सञ्चारमाध्यममा वितरण गर्ने।

(ट) विज्ञापन अनुगमनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा विज्ञापन बोर्डबाट प्राप्त सुझाव पालना गर्ने वा गराउने ।

**१४ समितिको वैठकः**(१) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछ ।

(५) बैठकको निर्णय संयोजकले प्रमाणित गरी राख्नुपर्नेछ ।

(६) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१५.समितिको सचिवालयः**(१) समितिको सचिवालय धनकुटा नगरपालिकाको कार्यालयको सम्बन्धित शाखामा रहनेछ।

## परिच्छेद –५

## उजुरी, कसुर, सजाय, क्षतिपूर्ति र पूनरावेदन

**१६.उजुरी गर्न सक्नेः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी स्थानीयस्तरमा सञ्चालन भएका सञ्चारमाध्यम वा होडिङ्ग बोर्ड मार्फत हुने बाह्य विज्ञापन प्रचलित कानून, यो ऐन र अन्तर्गत बनेको नियमावली, मापदण्ड, विज्ञापन आचारसंहिता विपरित भएको पाईएमा त्यस्तो जानकारी पाउने जुनसुकै व्यक्तिले समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी छानविन गर्दा कसैलाई कारबाही गर्नुपर्ने देखिएमा समितिले आफै कारवाही गर्न सक्ने भए आफैले र आफ्नो अधिकार क्षेत्र नभएको विषय भए क्षेत्राधिकार प्राप्त निकायमा कारवाहीको लागि लेखि पठाउनु पर्नेछ ।

(३) कसैले विज्ञापन गर्दा संघीय ऐन वा सो अन्तर्गत नियमावली, आचारसंहिता, यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा मापदण्ड पालना गरेको नपाइएमा समितिले कारण खुलाई त्यस्तो विज्ञापन संशोधन गर्न वन्द गर्न वा हटाउन आदेश दिनेछ र त्यस्तो आदेश पालना गर्नु सम्वन्धित पक्षको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिमको आदेशको कसैले अवज्ञा गरेमा समितिले त्यस्तो आदेशको उल्लङ्घन गर्ने व्यक्तिलाई कारबाही तथा जरिवानाका लागि धनकुटा नगर कार्यपालिका समक्ष सिफारिश गर्नेछ।

(५) उपदफा (३) वमोजिमको आदेश पालना नगर्ने वा यो ऐन अन्तर्गत बनेको नियम वा मापदण्ड पालना नगरी विज्ञापन गरेको पाइएमा त्यस्तो व्यक्तिलाई नगर कार्यपालिकाले एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**१७.कसुर र सजायः**(१) कसैले दफा ३, ६ र ७ विपरीत विज्ञापन गरेको वा यो ऐन विपरित कसुर गरेमा कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) वमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई समितिको सिफारिसमा नगर कार्यपालिकाले कसुरको गाम्भीर्यता हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले विज्ञापन गर्दा संघीय ऐन वा यस ऐन विपरित कसुर हुने काम गरेको पाईएमा त्यस्तो व्यक्तिलाई संघीय ऐन बमोजिम कारवाही गर्नु पर्ने भए सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) सञ्चारमाध्यमबाट यस ऐन विपरित कुनै विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण भएकोमा त्यस्तो सञ्चारमाध्यमको सम्पादन सम्बन्धी मात्र कार्यभार सम्हाल्ने सम्पादकलाई सोही कारणले मात्र यस ऐन बमोजिम सजाय गरिने छैन ।

तर सम्पादक नै सञ्चारमाध्यमको सञ्चालक भएकोमा यस दफा बमोजिम सजाय गर्न वाधा पर्ने छैन ।

**१८.क्षतिपूर्ति सम्वन्धी व्यवस्थाः** (१) कसैले यो ऐन र अन्तर्गत बनेको नियम विपरित विज्ञापन गरेबाट कसैलाई कुनै किसिमको क्षति भएमा त्यसबाट मर्कापर्ने पक्षले क्षतिपूर्तिका लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा समितिले निवेदन उपर जाँचबुझ गर्दा क्षति पुगेको देखिएमा त्यस्तो निवेदकलाई विज्ञापनकर्ताबाट मनासिव क्षतिपूर्ति भराई दिन सिफारिश सहितको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रतिवेदन वमोजिम नगर कार्यपालिकाले क्षतिपूर्ति भराई दिने गरी निर्णय गर्न सक्नेछ ।

**१९.पुनरावेदनः** यस ऐन बमोजिम नगर कार्यपालिकाले गरेको निर्णयमा चित्त नबुझेमा निर्णय भएको जानकारी पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद–६
## विविध

**२०.सेवा लिन सकिनेः** विज्ञापन प्रकाशन वा प्रसारणको लागि विज्ञापन एजेन्सीको सहयोग आवश्यक परेमा विज्ञापन बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खरिद सम्वन्धी प्रचलित कानून विपरित नहुने गरी सहयोग लिन सकिनेछ ।

**२१.सार्वजनिक हितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारणः**(१) धनकुटा नगरपालिकाले सार्वजनिक हित वा जनहितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा कानून वमोजिम अनुमति प्राप्त सञ्चार माध्यमबाट गर्नुपर्नेछ

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि धनकुटा नगरपालिका वा अन्तर्गतका कार्यालयले कुनै विज्ञापन तत्काल प्रकाशन गर्नु पर्ने अवस्था भएमा सञ्चार माध्यममा उपलब्ध गराई प्रकाशन वा प्रसारण गर्न सक्नेछन् ।

(३) सार्वजनिक वा जनहित सम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा धनकुटा नगरपालिकाबाट अनुमति लिएका सञ्चारमाध्यमलाई समानुपातिक रूपमा विज्ञापन उपलब्ध गराउनु पर्नेछ ।

**२२.निशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नुपर्नेः-**(१)यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने विज्ञापन सञ्चारमाध्यमले निशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नुपर्नेछ ।

(२) बाह्य विज्ञापन प्रयोजनको लागि निर्माण भएका होर्डिङ्ग बोर्ड विज्ञापन नभएको बेला खाली राख्न पाईने छैन।

(३) उपदफा (२) बमोजिम खाली हुन आएमा नगरपालिका, प्रदेश सरकार वा बोर्डले उपलब्ध गराएका सार्वजनिक हित र जनहितका सामग्री राख्नु पर्नेछ।

(४) डिजिटल बोर्डमा कम्तिमा १० प्रतिशत समय सार्वजनिक हित र जनहितका सामग्री प्रदर्शनका लागि निशुल्क उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका विज्ञापन नगरपालिका, प्रदेश सरकार र बोर्डले उपलब्ध गराउनेछ।

**२३.संघीय ऐन वा प्रचलित कानूनको पालना गर्नुपर्नेः**(१)यस ऐन बमोजिम अनुमतिपत्र जारी गर्दा वा विज्ञापन गर्दा वा गराउँदा संघीय ऐन तथा सो अन्तर्गत बनेको नियमावली, आचारसंहिता, मापदण्ड र प्रचलित संघीय कानुनको अधिनमा रही गर्नुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले यस ऐन बमोजिम जारी गरेको अनुमतिपत्रमा उपदफा (१) बमोजिमको ऐन, नियमावली वा मापदण्डको व्यवस्था पालना नगरेमा जुनसुकै बखत अनुमतिपत्र रद्द हुने शर्त स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

**२४.सूचीकृत हुनुपर्नेः**(१) विज्ञापन बोर्डबाट अनुमति प्राप्त सञ्चार माध्यम वा विज्ञापन एजेन्सीले धनकुटा नगरपालिकामा समेत सूचीकृत हुनुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन एजेन्सी वा सञ्चार माध्यम यो ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र उपदफा (१) बमोजिम सूचीकृत हुनुपर्नेछ ।

**२५.नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य प्राप्त गर्नका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**अनुसूची १**

दफा ३ को उपदफा (२)सँग सम्बन्धित

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
धनकुटा नगरपालिकाको कार्यालय।

विषय : बाह्यविज्ञापन (होर्डिङ्ग बोर्ड) को लागि अनुमति पाउँ।

धनकुटा नगरपालिकाको वडानं—., ............. स्थित————को ————. घर वा जग्गामा विज्ञापन/प्रचारप्रसारको लागि बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्ने अनुमितको लागि ..........को विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ३को उपदफा (२) बमोजिमदेहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माणकोलागि देहायका कागजातहरू संलग्न गरी यो निवेदन गरेको छु।होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्न तथा उक्त बोर्डमा बाह्य विज्ञापन राख्न अनुमति पाउँ।

**विवरणः**

(क) होर्डिङ्ग बोर्ड/संरचना निर्माण हुने घर तथा जग्गा धनीको नाम :—............................
(ख) होर्डिङ बोर्ड वा संरचना निर्माणगर्न प्रस्ताव गरेको स्थानः—वडा नं ......... स्थानः........ घर नं. ..............................मार्ग/पथ/सडक...........
(ग) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानको स्वामित्वः निजी / सार्वजनिक
(घ) होर्डिङ बोर्ड वा संरचना राख्न चाहेको अवधिः ........................ देखि .................... सम्म
(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार प्रकार र बनौटः-
(अ)होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-
(आ)आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट
(ग)बनौटः

उपर्युक्त व्यहोरा ठिक साँचो छ।झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**
नामथरः
पदः
संस्थाको नाम/ठेगानाः
मितिः

संस्थाको छापः

अनुसूची (२)
दफा ४ को उपदफा (१) बमोजिम
विज्ञापनको आकार, प्रकार र बनौट

| क.स. | बिज्ञापन बोर्ड/सामाग्रीको प्रकार | विज्ञापन बोर्डको आकार अधिकतम सीमा (वर्गफुटमा) | विज्ञापन बोर्ड तथा सामाग्रीको बनौट |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | २०*४०=८०० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राख्ने । |
| २ | साइन बोर्ड (परिचय पाटी) | ३० वर्गफिट सम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राखेको । |
| ३ | नियोन बोर्ड | २० X २० = ६० वर्ग फिट सम्म | विद्यतिय तरङ जडित विशेष किसिमको बोर्ड । |
| ४ | ग्लो वोर्ड (विद्युतिय परिचय पाटी) | ३० वर्गफिट सम्म | ग्लो बोर्डको स्पेशल बनावट । |
| ५ | ट्राई भिजन बोर्ड | २० X ३० = ६०० वर्ग फिट सम्म | ट्रई भिजन स्पेशल बनावट । |
| ६ | स्क्रोलर वोर्ड | १० X १० = १००सम्म | विद्यतीय माध्यमबाट एकभन्दा बढी विज्ञापन सामाग्री प्रचार गर्न |
| ७ | पोल ब्यानर | २ X ३ = ६ वर्ग फिट सम्म | कपडामा लेखिएको वा प्रिन्ट गरिएको । |
| ८ | धातुको अक्षर बोर्ड | ३० वर्गफिट सम्म | घातुले अक्षर, शब्द वा चित्र अंकित गरिएको । टास गरिएको फ्रेम। |
| ९ | चलचित्र बोर्ड | १० X १० = १००वर्ग फिट सम्म | विद्यतीय माध्यमबाट विज्ञापन सामाग्री प्रदर्शन गरिने चलचित्र बोर्ड । |

३० वर्गफुट भन्दा वढीको साइन बोर्डलाई कर प्रयोजनका लागि होडिङ बोर्डको रूपमा लिइनेछ ।

## अनुसूची ३

दफा ५ को उपदफा (२)सँग सम्बन्धित
धनकुटा नगरपालिका
नगार कार्यपालिकाको कार्यालय

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
धनकुटा नगरपालिका, धनकुटा

विषयः होर्डिङ्ग बोर्ड/बाह्य विज्ञापन राख्नेअनुमतिपत्र।

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

धनकुटा नगरपालिका वडा नं—., ............. स्थित————को ———. घर वा जग्गामाश्री...........................लाई............कोविज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ४ बमोजिमदेहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्नकालागि देहायका शर्त पालना गर्ने गरीयो अनुमति पत्र प्रदान गरिएको छ।

**होर्डिङ्ग बोर्ड/संरचनाको विवरणः**

(क) होर्डिङ्ग बोर्ड/संरचनारहने घर तथा जग्गा धनीको नाम :—............................
(ख) होर्डिङ बोर्ड वा संरचना निर्माण हुने स्थानः—वडा नं ......... स्थानः........ घर नं. ..............................मार्ग/पथ/सडक..........
(ग) होर्डिङ बोर्ड वा संरचना निर्माण हुने स्थानको स्वामित्वः निजी / सार्वजनिक
(घ) होर्डिङ बोर्ड वा संरचना रहनेअवधिः ........................ देखि .................... सम्म
(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार,प्रकार र बनौट :-
  (अ) होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-
  (आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट
  (इ) बनौटः
(च) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्ने संस्था/विज्ञापन एजेन्सीको नाम, ठेगाना र सम्पर्क नः-
(छ) होर्डिङ बोर्ड वा संरचनाको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविकको विवरणः-

| क्र.स | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर,ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................ अनुमतिपत्र प्रदान गर्ने अधिकारीको

विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर नाम,थरः
पदः
हस्ताक्षरः
मितिः

**शर्तहरुः**

१. होर्डिङ बोर्ड वा संरचना धनी वा विज्ञापन एजेन्सीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगाबैआगामी आर्थिक वर्षको लागी नवीकरण गर्नुपर्नेछ।
२. नविकरण गर्दा विज्ञापन कर तथा अन्य कर तथा शुल्क चुक्ता गर्नु पर्नेछ।
३. होर्डिङ बोर्ड वा संरचनाकोस्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा स्थानीय तहकोपूर्व स्वीकृति लिनुपर्नेछ।
४. होर्डिङ बोर्ड वा संरचना हटाउनु परेमा स्थानीय तहलाई बुझाउन बाँकीरकम बुझाई हटाउनसकिनेछ।
५. होर्डिङ बोर्ड वा संरचनामा विज्ञापन नभएको बखत स्थानीय तह वा विज्ञापन बोर्डले उपलव्ध गराएका जनहित तथा सार्वजनिक हित सम्बन्धी विज्ञापन राख्नु पर्नेछ।
६. होर्डिङ बोर्ड वा संरचनाको अनुमति प्राप्त अवधिभर सोको स्वीकृत स्केच, ड्रइङ्ग, डिजायन साथमा राख्नु पर्नेछ।
७. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा यो ऐन विज्ञापन आचारसंहिता पालना नगरेको पाईएमा यो अनुमतिपत्र जुनसुकै बेला रद्द गर्न सकिने छ।
८. यस कार्यालयबाट समय समयमा जारी हुने आदेश, निर्देशन वा सूचनाको पालना गर्नु पर्नेछ।

**अनुसूची-४**

दफा ६ को उपदफा (१)सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
धनकुटा नगरपालिकाको कार्यालय।
विषय : सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र पाउँ।

धनकुटा जिल्ला धनकुटा नगरपालिकाको वडा नं —. स्थायी बसोबास भएका श्री........................................ को नाममा दर्ता रहेको सवारी साधन नं........................... मा ..................... विषय/कम्पनीको विज्ञापन प्रचारप्रसारको लागियस गाँउ/नगर पालिकाको विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ५ बमोजिम विषयको विज्ञापन गर्नको लागि देहायका कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु। सवारीसाधनमा विज्ञापन राख्न अनुमतिपत्र पाउँ।

**विवरणः**

(क) सवारी साधन दर्ताको प्रमाणपत्र
(क) सवारी साधनको प्रकारःबस/ट्रक/जीप/कार
(ख) कम्पनी वा समितिको सवारी साधन भए कम्पनि वा समिति दर्ता प्रमाणपत्र
(ग) सवारी साधनको नविकरण गरिएको ब्लु बुक
(घ) सवारी साधनको करचुक्ता प्रमाणपत्र
(ङ) सवारी धनी / कम्पनी/समितिसँग गरिएको सम्झौतापत्र,
(च) विज्ञापन गर्ने अवधिः ....................... देखि ................... सम्म
(छ) विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः..........................
(ज) विज्ञापनको आकार वा प्रकार खुल्ने स्केच,ड्रईङ्ग वा डिजाईन
(झ) विज्ञापन एजेन्सीमार्फत विज्ञापन गर्दा उक्त एजेन्सी बोर्डमा सूचीकृत भएको प्रमाणपत्र
(ञ) विज्ञापनदाता आफैले विज्ञापन गर्ने भए कानुन बमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र
(ट) कर चुक्ता गरेको प्रमाणपत्र
(ठ) स्थानीय तहले समय, समयमा तोकेका अन्य कागजात

उपर्युक्त व्यहोरा ठिक साँचो छ।झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**

नामथरः
पदः

संस्थाको नाम/ठेगानाः

**अनुसूची-५**

दफा ६ को उपदफा (३)सँग सम्बन्धित

धनकुटा नगर कार्यपालिकाको

कार्यालय, धनकुटा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

विषयः सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र।

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

.................जिल्ला————................नगर/गाउँपालिका वडा नं........ स्थायी बसोबास भएका श्री........................................ को नाममा दर्ता रहेको सवारी साधन नं............................ मा विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को उपदफा (३)बमोजिम देहायका शर्त र समय समयमा गाउँ/नगर/उपमहानगर/महानगरपालिकाबाटजारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सवारीसाधनमा विज्ञापन राख्न अनुमति प्रदान गरिएको छ।

**विज्ञापनको विवरण** :

१. विज्ञापन रहने सवारीसाधन धनी वा कम्पनीको नाम :—...............
२. सवारी साधनको नम्बर :- ..................................................
३. सवारी साधनमा विज्ञापन रहने स्थानः ......................................
४. विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः.................................
५. विज्ञापनको आकार, प्रकार र बनौट :- .....................................
६. विज्ञापन एजेन्सीको नाम, ठेगानाः-...........................................
७. विज्ञापन रहने अवधि.....................देखि..............................सम्म
८. विज्ञापन वा सवारीसाधनको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.स | साविकवालाको नाम थर, ठेगाना/साविकको विज्ञापन | हालवालाको नाम थर,ठेगाना/ साविकको विज्ञापन | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................

अनुमतिपत्र जारी गर्ने अधिकृतकोः

नाम,थरः

विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर

पदः

हस्ताक्षरः

मितिः

**शर्तहरुः**

१. विज्ञापनदाता/विज्ञापन एजेन्सी/सवारी धनीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगाबै आगामी आर्थिक वर्षको लागी नवीकरण गर्नु पर्नेछ।
२. नवीकरण गर्दा विज्ञापन कर तथा अन्य शुल्क चुक्ता गर्नु पर्नेछ।
३. विज्ञापनको विषय / विज्ञापनदाता एवं सवारीसाधनको स्थान परिवर्तन गर्नुपरेमा स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्नेछ।
४. विज्ञापन हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी स्थानीय तहबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।
५. सवारीसाधनमा विज्ञापन राख्ने अवधि पुरा भएपछि सवारी धनी वा कम्पनिले त्यस्तो सवारीसाधनमा विज्ञापन हटाई पुरानै अवस्थामा ल्याउनु पर्नेछ
६. पुरानै अवस्थामा ल्याएको सवारीसाधनमा भएको विज्ञापन हटाएको प्रमाणपत्र स्थानीय तहबाट लिनु पर्नेछ।
७. बुँदा नं (६) बमोजिम प्रमाणपत्र नलिने सवारीसाधनले प्रमाणपत्र नलिएको अवधिसम्मको कर तिर्नु पर्नेछ।
८. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा आचारसंहिता र यो ऐन वा यस अन्तर्गत बनेको नियमावली प्रतिकूल हुने गरी कुनै काम गरेको पाइएमा जुनसुकै बखत यो अनुमतिपत्र रद्द हुन सक्नेछ।

**<u>निर्णय नं. ३</u>**

धनकुटा नगरपालिका नगरकार्यपालिकाको मिति २०८२/७/२७, २०८२/९/१८, २०८२/१०/२७२५, २०८२/११/२९ र २०८२/१२/११ का वैठकवाट भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।